का.जि.प्र.का.द.नं. १००/०५२/६०
१४ भदौ २०८३
आइतबार
30 August 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २२० । पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

दलदलबीच जीवितको खोजी

घरमा पुरिएका वा कहीँ फसेकासँग सम्पर्क भए, कुनै क्षेत्रमा मानिस छन् कि भन्ने शंका लागे वा सूचना पाएर उद्धारका लागि कुनै घर वा कार्यालय पुग्दा हिलोको दलदल छिचोल्नुपर्ने अवस्था छ । यस्तोमा हेलिकप्टरको प्रयोग गरिँदैछ ।

- ६७५ शव फेला
- ७ हजार ५१४ जनाको उद्धार
- २ हजार ४९८ जना सम्पर्कविहीन

“ युध्दनको मातहत रहने गरी अन्तर्राष्ट्रिय खोज तथा उद्धार एडभाइजरी ग्रुपसँग समयमै सहयोग माग्नेका थियौं भने धेरै नागरिक बचाउन सक्थ्यौं ।

■ **मान थापा**, विपद् विज्ञ

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १३ भदौ

रसुवाको गोसाईंकुण्ड गाउँपालिका-२ टिमुरेमा माटोमुनि पुरिएकी एक ६ वर्षीया बालिकाको उद्धार भएको छ । खोज तथा उद्धारमा खटिएको सशस्त्र प्रहरी बल नेपालको टोलीले माटोमुनिबाट बालिका रोइरहेको आवाज सुनेपछि खोतलेर उद्धार गरेको हो ।

उनीजस्तै रसुवा बाढीका कारण पुरिएका र फसेकाहरूको उद्धार जारी छ । भदौ १० गते बिहान भोटेकोशीमा आएको बाढीबाट रसुवा, नुवाकोट, धादिङदेखि चितवनसम्मका नागरिक प्रभावित भएका छन् । गृह मन्त्रालयका अनुसार उद्धार कार्यमा गोताखोर, भत्किएका भवनमा हुने खोज, कुकुरको प्रयोगबाट गरिने खोज, हेलिकप्टरमा झुन्डिएर गरिने लङ लाइन रेस्क्यु, चिकित्सकीय टोलीसहितका अनेकौं उपाय प्रयोग भएको छ । प्रभावित क्षेत्रमा धेरैतिर बिजुली छैन । पृष्ठ २ मा

शुक्रबार रसुवाको गोसाईंकुण्ड गाउँपालिका-२ टिमुरेमा माटोमुनि पुरिएकी ६ वर्षीया बालिकाको उद्धार ।

बढ्दै विदेशी सहयोग

भोटेकोशी बाढी प्रभावित सुरुङभित्र फसेकाहरूको उद्धार, जीवित व्यक्ति पत्ता लगाउने प्रविधि, फोरेन्सिक जाँच तथा शव व्यवस्थापनका लागि छिमेकी मित्रराष्ट्रहरूसँग विशिष्ट प्राविधिक सहयोग माग गरेको छ ।

बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखालगात ६ जिल्ला र आसपासका क्षेत्रमा ठुलो जनधनको क्षति पुऱ्याएको छ । गत बुधबार रसुवागढीभन्दा करिब २० किलोमिटर उत्तरमा रहेको हिमचट्टान खसेर ताल फुट्दा ल्हेन्दे खोला भिषण बाढीमा परिणत भएर भोटेकोशीमा मिसिएको थियो ।

बाढीमा फसेका नागरिकको खोज उद्धारमा सरकारले नसकेपछि हाइड्रोपावरको सुरुङमा फसेका पृष्ठ २ मा

जमिनमुनि शव व्यवस्थापन

लामो समयसम्म शव राखिरहँदा सड्न-गल्न थालेका कारण व्यवस्थापनमा समस्या देखिएपछि पहिचान खुल्न नसकेका शवलाई देवघाटस्थित जंगलमा व्यवस्थापन गर्ने सरकारको तयारी छ । चितवनमा हालसम्म फेला परेका २३३ शवमध्ये पाँचवटाको मात्र पहिचान खुलेको छ । पहिचान हुन नसकेका शव सड्न-गल्न थालेपछि दुर्गन्ध फैलिनुका साथै संक्रमणको जोखिम बढेकाले जिल्ला सुरक्षा समितिको निर्णयअनुसार शव व्यवस्थापनको तयारी गरिएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ ।

शवलाई व्यवस्थित रूपमा राख्न एकातर्फ खुट्टा र अर्कोतर्फ टाउको पर्ने गरी व्यवस्थापन गर्ने तयारी गरिएको चितवनका प्रहरी प्रमुख एसपी रामेश्वर पौडेलले जानकारी दिए । उनका अनुसार पहिचान नखुलेका शवलाई ब्यागमा राखेर व्यवस्थापन गरिनेछ । शव व्यवस्थापनका लागि आवश्यक ब्यागको अभाव नरहेको उनले बताए । 'शवबाट दुर्गन्ध फैलिन थालेको तथा संक्रमणको जोखिमसमेत बढ्न सक्ने अवस्थालाई ध्यानमा राखेर सुरक्षित र व्यवस्थित रूपमा शव व्यवस्थापन गर्न लागिएको हो,' उनले भने ।

यसका लागि भरतपुर महानगरपालिका-१ स्थित रामनगर-देवघाट सडकखण्ड नजिकको जंगलमा स्थान तयार पारिएको छ । सुरक्षाकर्मीको उपस्थितिमा दुईवटा डोजर प्रयोग गरी तीनवटा खाडल खनिएको छ । प्रत्येक खाडल करिब १.५ मिटर गहिरो रहेको प्रहरीको भनाइ छ ।

शवलाई गाडेपछि पनि पहिचानको प्रक्रिया नरोकिने सरकारले दाबी गरेको छ । पृष्ठ २ मा

बाढीमा बगेको सामान भेट्नेको हुँदैन

सुन चोर्ने र भल्ट फोर्नेलाई हुन सक्छ ७ वर्ष जेल

बाढीले कुनै घर, पसल, बैंक वा व्यवसायबाट सामान बगाएर ल्याएको भन्दैमा त्यसको स्वामित्व समाप्त भएको हुँदैन । हकवालाको हक लाग्छ । अन्यले भेटाएर आफ्नो बनाए कारबाही हुन्छ ।



बगाएर ल्याएको शवबाट कसैले सुन चोर्छ भने हामी आफैंले सोच्नुपर्ने नेपाली समाज कहाँ गइरहेको छ ?

■ **जगदिश खरेल**
प्रवक्ता, रास्वपा

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १३ भदौ

भोटेकोशीमा आएको विनाशकारी बाढीले घर, व्यवसाय र बैंकका सम्पत्तिसँगै मानिसको ज्यानसमेत बगायो । विपद्मा परेकाको उद्धार र राहतमा राज्यका निकाय तथा सर्वसाधारण जुटिरहेका बेला बाढीले बगाएर ल्याएका सम्पत्ति लुटपाट भएका घटना पनि सार्वजनिक हुन थालेका छन् ।

बिहीबार बाढीले बगाएर ल्याएको शवबाट सुनका गहना निकालिएको भिडियो सार्वजनिक भयो । उक्त घटनामा प्रहरीले दुई जनालाई पक्राउ गरिसकेको छ । सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोका आधारमा चितवन प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

शुक्रबार धादिङमा नदीले बगाएर ल्याएको बैंकको सेफ (भल्ट) फोडेको समाचार आयो । यस्तो



आरोपमा २९ जना पक्राउ परेका छन् । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो । पक्राउ परेकाहरूको साथबाट ९२ लाख ६८ हजार ५ सय ५ रुपैयाँ बरामद भएको छ । उनीहरूलाई जिल्ला प्रहरी कार्यालय धादिङको हिरासतमा राखेर अनुसन्धान भइरहेको छ ।

यससँगै बाढीले बगाएर ल्याएका ग्यास सिलिन्डर तथा अन्य सामान सर्वसाधारणले उठाएर लैजाँदै गरेका दृश्यसमेत सामाजिक सञ्जालमा देखिएका छन् ।

कानुनतः बाढीले बगाएको सामान लिनु दण्डनीय अपराध हो । मुलुकी अपराध संहिता, २०७४ को दफा २४१ ले चोरी गर्न वा गराउन नहुने व्यवस्था गरेको छ । उक्त दफाअनुसार अरू व्यक्तिको स्वामित्व, कब्जा, नियन्त्रण वा जिम्मामा रहेको चल सम्पत्ति सम्बन्धित व्यक्तिको मञ्जुरीबिना बेइमानीको नियतले आफ्नो बनाउन, उपभोग गर्न वा लिनका लागि लिएमा वा स्थान परिवर्तन गरेमा चोरी भएको मानिन्छ ।

यसको अर्थ बाढीले कुनै घर, पसल, बैंक वा व्यवसायबाट सामान बगाएर ल्यायो भन्दैमा पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

विनाशकारी बाढीमा आफ्ना ५५ नागरिक बेपत्ता भएपछि मलेसियामा ठुलो चिन्ता

मध्यान्ह संवाददाता
क्वालालम्पुर, १३ भदौ

ठुलो संख्यामा नेपाली श्रमिक कार्यरत मलेसियाका ५५ नागरिक नेपाल-चीन सीमामा आएको विनाशकारी बाढीमा बेपत्ता भएपछि ठुलो चिन्ता छाएको छ । बेपत्ता मलेसियाली परिवारका सदस्य र यहाँका राजा सुल्तान इब्राहिमले उनीहरूको सकुशल स्वदेश फर्काइका लागि प्रार्थना गर्दै प्रतीक्षामा छन् । बेपत्ता हुनेहरूमा कतिपय नेपाली श्रमिकका रोजगारदातासमेत हुनसक्ने आकलन गरिएको छ ।

६७ वर्षीया जमलिया तेंकु इस्माइलका ८६ वर्षीय पति मोहम्मद नासिर अब्दुल तालिबसँग बुधबार बिहान लगभग साढे ३ बजे अन्तिम सम्पर्क भएको थियो । शनिबार क्वालालम्पुरमा ४९ बेपत्ता मलेसियालीका परिवारले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले भनिन्, 'म साँच्चै आशा गर्छु कि पृष्ठ २ मा

लोकतान्त्रिक एसोसिएसनद्वारा ४ सदस्य निष्कासित

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले ४ जना सदस्यलाई साधारण सदस्यसमेत नरहने गरी निलम्बन तथा निष्कासन गरेको छ ।

मलेसियाको एफडब्लुसिएमएसमा नाम रजिस्टर्ड भएको सार्वजनिक भएपछि गत भदौ ९ गते २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेस गर्न माग गरिएकोमा तोकिएको समयभित्र स्पष्टीकरण प्राप्त हुन नआएको भन्दै एसोसिएसनले ४ जना सदस्यलाई साधारण सदस्यसमेत नरहने गरी निलम्बन तथा निष्कासन गरेको हो ।

एसोसिएसनले संस्थाको विधान तथा प्रचलित कानुनी व्यवस्था, विषयको गम्भीरता, संस्थाको उद्देश्य, व्यवसायीहरूको पेशागत स्वतन्त्रता तथा संस्थाको मर्यादालाई मध्यनजर गर्दै एसोसिएसनको विधान २०६३ को दफा ८, ९ र १४ बमोजिम निलकुमारी घले, मोहम्मद जुनेद, जुबेर खान र सुरज पृष्ठ २ मा

बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, इयाम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, ठोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- वर्षायाममा सधै मोवाईलमा पर्याप्त च्यालेन्स र च्याट्री राखौं,
- वर्षा र बाढीको अवस्थाबारे ठोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सरकारले स्रोतको कुनै कमी हुन दिँदैन: अर्थमन्त्री

नुवाकोट/मस–अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले बाढी प्रभावित क्षेत्रको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सरकारले स्रोतको कुनै कमी हुन नदिने बताएका छन् ।

नुवाकोट सदरमुकाममा जिल्ला समन्वय समितिले आज आयोजना गरेको सर्वपक्षीय छलफलका क्रममा उनले उद्धार, राहत सामग्री वितरण र शव व्यवस्थापन अहिले सरकारको मुल मुद्दा रहेको बताए ।

'राहत सामग्री वितरणलाई न्यायोचित ढंगले वास्तविक पीडितसम्म पुऱ्याउने काममा तीनै तहको सरकारले समन्वय गर्न जरुरी छ', उनले भने, ' शव व्यवस्थापन राजनीतिक दलहरूको सर्वस्वीकार्य सहमतिमा गरिन्छ । राज्यले स्रोतको कुनै कमी हुन दिँदैन ।' अर्थमन्त्री वाग्लेले बाढीका कारण सम्पर्क विच्छेद भएका प्रमुख दुई/तीन वटा स्थानमा तुरुन्तै बेलिब्रिज राखिनेसमेत बताए ।

त्यसैगरी, सोही छलफलमा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले भोटेकोशीमा हालै आएको बाढी कल्पनाभन्दा बढी शक्तिशाली भएकाले अहिले राज्यको पूरै शक्ति यहीं केन्द्रित भएको उल्लेख गरे । उनले भने, 'आजसम्म जुन स्तरमा काम भइरहेको छ, राज्यको पूरै शक्ति यहीं केन्द्रित भएकाले मात्र यति सम्भव भएको हो ।'

उनले तीनै तहको सरकारले स्वतःस्फूर्त रुपमा काम गरिरहेको बताए । हिजोसम्म उद्धारलाई प्राथमिकता दिएकामा आजदेखि शव संकलनमा जोड दिएको उनले जानकारी दिए ।

उनले हाल सरकारसँग सात वटा बेलिब्रिज रहेकाले सम्भाव्यता हेरेर छिटोभन्दा छिटो कहाँकहाँ जोड्न सकिन्छ त्यहाँ राख्ने पहल भइरहेको बताए । शव व्यवस्थापनका लागि अब धेरै समय नभएकाले कुनै ढिलाइ नगर्ने प्रतिबद्धता जनाए । 'यो चोट सम्पूर्ण सरकारलाई लागेको चोट हो', उनले भने, 'यसका लागि सरकारले सकेको सबैथोक गर्छ ।'

सोही छलफलमा राष्ट्रियसभाका सांसद कृष्णप्रसाद अधिकारीले आफ्ना सुझाव राख्दै अब राहत सामग्री वितरणलाई प्राथमिकता दिन अनुरोध गरे ।

त्यसैगरी, बागमती प्रदेशसभा सदस्य राधिका तामाङले राहत, पुनःस्थापना, उद्धारजस्ता काममा प्रदेश सरकारले उत्तिकै सक्रियता देखाएको बताइन् । उनले अझै केही स्थानमा खोजी गरेर उद्धारका पर्खाइमा रहेकालाई ल्याउनुपर्ने सुझाव दिइन् ।

भोटेकोशी बाढी

आफन्त सम्पर्कविहीन

नरोकिएका आँसु र दर्दनाक पर्खाइ

चितवन/मस–भरतपुर महानगरपालिका-१० स्थित चितवन उद्योग संघको परिसरमा अहिले मेला, महोत्सव वा राजनीतिक कार्यक्रमको चहलपहल छैन । यहाँ यतिबेला आफ्ना आफन्तको खोजीमा आएका मानिसहरूको भीड छ । उनीहरूको एउटै चाहना छ, आफ्ना मान्छे जीवितै भेटिऊन्, नभए कम्तीमा शवको पहिचान होस् ।

रसुवा तथा भोटेकोशी नदीमा आएको भीषण बाढीपछि सम्पर्कविहीन भएका नागरिकका आफन्तहरू शव पहिचानका लागि भरतपुर आइपुगेका छन् । भरतपुर अस्पताल नजिकैको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको पुरानो भवनलाई शव संरक्षणस्थलका रूपमा प्रयोग गरिएको छ ।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालका अनुसार नारायणी र त्रिशूली नदी किनारबाट संकलन गरिएका २३३ शवमध्ये हालसम्म चार वटाको मात्रै पहिचान भएको छ । बाँकी २२९ शव होल्डिङ सेन्टर तथा विभिन्न स्वास्थ्य संस्थामा राखिएका छन् ।

लामो समयदेखि शवहरू राखिएका कारण कतिपय सडन थालेका छन् । केही शवको अनुहार र शारीरिक बनावटसमेत बिग्रिएकाले पहिचान गर्न कठिन भइरहेको प्रशासनले जनाएको छ । वीरगन्ज महानगरपालिका-२२ का अली मोहम्मद मियाँ २२ वर्षीय छोरा साबुदिन मन्सुरीको तस्बिर बोकेर भरतपुरका अस्पताल र शवगृह धाइरहेका छन् ।

रोजगारीका लागि रसुवाको एउटा ग्यारेजमा मेकानिकको काम गर्न गएका साबुदिन बाढीपछि ग्यारेज साहु र अन्य पाँच साथीसहित सम्पर्कविहीन भएका हुन् ।

'बिहानैदेखि छोराको खोजीमा छु, कसैले खबर पाए प्रहरीचौकीमा भनिदिए हुन्थ्यो,'भक्कानिँदै अली मोहम्मदले भने, 'मेरो छोरा यी शवहरूमा छैन, कतै भेटिए खबर गरिदिनुहोला ।'

धादिङको धुनिबेँसी नगरपालिकाका प्रमुख बालकृष्ण आचार्य पनि सम्पर्कविहीन नागरिकको खोजीका लागि भरतपुर आइपुगेका छन् ।

बाढीपछि उनीहरू सम्पर्कविहीन भएको खबर पाएपछि चितवन आएका ठाकुरले क्षतविक्षत शवका तस्बिर हेरे पनि पहिचान गर्न कठिन भएको बताए । नुवाकोट ककनीका सन्तोष बलामी र टेकबहादुर बलामी पनि तीन दिनदेखि आफन्तको खोजीमा छन् । उनीहरू शवको हुलिया, शरीरमा रहेका चिन्ह तथा ट्याटुसमेत हेरेर पहिचान गर्ने प्रयास गरिरहेका छन् ।

लाङटाङ खोला जलविद्युत् आयोजनामा कार्यरत ३१ वर्षीय सिभिल इन्जिनियर अभिषेक आचार्यका आफन्त पनि उनको खोजीमा भरतपुर आएका छन् । काका गणेशप्रसाद बरालका अनुसार भदौ १० गते बिहान ८ बजेसम्म परिवारसँग सम्पर्कमा रहेका अभिषेक त्यसपछि सम्पर्कविहीन छन् । सुरुङभित्र मजदुरहरू थुनिएको हुन सक्ने आशंका गर्दै उनले उद्धार कार्य तीव्र बनाउन माग गरेका छन् ।

बाढीमा नेपाली नागरिक मात्र नभई मानसरोवर यात्राका लागि टिमुरे पुगेका भारतीय नागरिक रुबिका डेभिड र प्रेरणा कालेसमेत सम्पर्कविहीन छन् । उनीहरूका नेपाली साथी प्रभात ढुंगाना परिवारको खोजीका लागि भरतपुर आइपुगेका छन् ।

नदी किनारमा शव भेटिने क्रम जारी रहे पनि अधिकांश शव क्षतविक्षत भएकाले पहिचान चुनौतीपूर्ण बनेको छ । खोजी तथा उद्धारका लागि स्थानीय प्रशासनसँगै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना परिचालन भएका छन् ।

बाढीपछि आफ्ना प्रियजनको खोजीमा भरतपुर आइपुगेका परिवारका लागि प्रत्येक दिन आशा र पीडाबीच बितिरहेको छ । जीवित भेटिने आशा बोकेर शवगृह पुग्ने र प्रत्येक शवमा आफ्ना मान्छेको अनुहार खोज्नुपर्ने बाध्यतालें भरतपुरको वातावरण शोक र पीडाले भरिएको छ ।

"दलदल"बीच...

घरमा फसेका कतिपयले सम्पर्क गरेर पछि मोबाइलमा चार्ज सकिएको परिस्थिति पनि छ । यस्तोमा पनि लोकेसन ट्र्याक गर्दै उद्धार गरिएका छन् ।

उद्धारमा पुग्न पुलपुलेसा छैन । पीडितसँग सम्पर्क भएर वा केही शंका वा सूचना पाएर कुनै घरमा उद्धारका लागि पुग्दा दलदल छिचोल्नुपर्ने अवस्था छ । यस्तोमा सक्दो हेलिकप्टर प्रयोग गरिएको छ ।

सरकारले पनि विनाशकारी बाढीबाट प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनर्स्थापनाका कामलाई तीव्रता दिइरहेको बताएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले शनिबार राति सामाजिक सञ्जालबाट पछिल्लो अवस्थाबारे जानकारी दिएका छन् । उनका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म ७ हजार ५१४ जनाको हवाई तथा स्थलमार्गबाट उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये विभिन्न जलविद्युत् आयोजनामा फसेका २ सय ७९ जना रहेका छन् । २ हजार ४९८ जना सम्पर्कविहीन रहेका छन् ।

उद्धारका लागि नेपाली सेना तथा निजी क्षेत्रका १६ हेलिकप्टरले २३६ उडान भरिसकेका छन् भने नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका १८ हजार ७०८ सुरक्षाकर्मी परिचालन गरिएको छ ।

प्रभावित विभिन्न जिल्लामा हालसम्म ६७५ शव फेला परेका छन् ।

नेपाल प्रहरीका अनुसार रसुवामा १३, धादिङमा ४९, गोरखामा ५४, नवलपुर (न.प.पूर्व) मा १५८, नुवाकोटमा ४१, चितवनमा २४८, तनहुँमा ३१ तथा नवलपरासी (न.प.पश्चिम) मा ७५ गरी जम्मा ६६९ जनाको शव फेला परेका छन् । जसमध्ये नेपाल प्रहरीका २७ कर्मचारी सम्पर्कबाहिर रहेका छन् । प्रहरीले २३०१ जनाको उद्धार भएको जनाएको छ ।

घाइतेको उपचार, अस्थायी आवास, राहत वितरण र सञ्चार सेवा पुनःस्थापनाका कामसमेत भइरहेको छ ।

सरकारले भारत, चीन, अमेरिका, एडिबी, विश्व बैंकलगायतबाट मानवीय तथा आर्थिक सहयोग प्राप्त भइरहेको जनाएको छ ।

भारतबाट ५७ टनभन्दा बढी राहत सामाग्री प्राप्त भइसकेको र चीन, जापान, अष्ट्रेलिया लगायतका देशहरूबाट आवश्यक सामाग्रीहरू आउने क्रम जारी रहेको परराष्ट्रमन्त्री खनालले जानकारी दिए ।

मन्त्री खनालले बाढी आएको स्थानभन्दा तल्लो तटीय क्षेत्रमा पानी जमेर बनेको ताल र त्यसबाट हुनसक्ने सम्भावित जोखिमबारे दुवै देशको प्राविधिक समन्वयमा निरन्तर निगरानी भइरहेको समेत बताए ।

बाढीको प्रभाव निश्चित क्षेत्रमा मात्र सीमित रहेकाले नेपालका अधिकांश प्रमुख पर्यटकीय गन्तव्यहरू पूर्णतः सुरक्षित र खुला रहेको उनको भनाई छ । उनका अनुसार क्षतिको पुनर्स्थापना तथा पुनर्निर्माणका लागि नेपालले अन्तर्राष्ट्रिय सहयोग लिनुपर्ने अवस्था छ ।

बढ्दै...

नागरिकको खोज, तथा उद्धारलाई पारलगाउन विदेशी प्रविधि र जनशक्तिको सहायता माग गरेको छ । सोही अनुसार छिमेकी मुलुक चीन र भारतीय प्राविधिक टोली प्रभावित क्षेत्रको फिल्डमै उत्रिसकेका छन् । छिमेकी देश चीन र भारतले यसअघि नै आवश्यक मद्दत गर्न तयार भएको बताएपनि नेपाल सरकारले शुक्रबारसम्म उनिहरूलाई आउने अनुमति दिएको थिएन ।

चार हजारभन्दा बढी नागरिकले आफन्त हराएको सूचान सरकारपक्षलाई गराएका छन् । उनीहरूमध्ये हाइड्रको टनेलमा बढी फसेको हुन सक्ने अनुमान छ । सोही अनुसार नेपाल सरकारको तर्फबाट सबै उपयाहरू अपनाएको बताएपनि चार दिनसम्मको प्रयास पूर्ण सफल हुननसकेपछि बेपत्ताको खोजीकार्य जारी राखेको छ ।

त्रिसुली ३ ए को सुरुङमा फसेका नागरिकको खोज तथा उद्धारमा नेपालको प्राविधिक जनशक्ति पर्याप्त नभएपछि चिनियाँ र भारतीय प्रविधिक टोलीको समेत सहायता लिइएको परराष्ट्रमन्त्री शिशिर खनालले बताए ।

बाढीमा फसेकाको उद्धारका लागि शनिबार दिउँसो भारतबाट ११ सदस्यीय सुरुङ उद्धार प्राविधिक टोली परिचालित छन् । त्यस्तै चिनियाँ विज्ञको ६ जनाको टोली बाढीग्रस्त क्षेत्रमा खटिएका छन् ।

विदेशी विज्ञ टोली हेलिकप्टरमार्फत सोझै त्रिशूली क्षेत्रमा अवतरण गरेका थिए । परराष्ट्रमन्त्री खनालले मुलुकमा आइपरेको प्राकृतिक विपद्पछिको उद्धार र राहत कार्यलाई तीव्रता दिन सरकारले मित्रराष्ट्रहरूसँग विभिन्न प्राविधिक सहयोगको प्रस्ताव गरेअनुसार चिन र भारतीय प्राविधिक टोली घटनास्थलमा आएको बताए ।

टोलीले नेपाली सेनाको विज्ञ टोलीसँग समन्वय र सहकार्य गर्दै संयुक्त रूपमा उद्धारको काम सुरु गरेको मन्त्री खनालले बताए । 'विदेशी टोली र निजी हेलिकप्टर परिचालन 'एकीकृत कमाण्ड' मार्फत गरिएको छ,' मन्त्री खनालले भने, 'भौगोलिक जटिलता र सुरक्षा स्थितिलाई मध्यनजर गर्दै नागरिक उड्डयन प्राधिकरण र सुरक्षा निकायको समन्वयमा विदेशी नागरिक तथा उद्धार टोलीहरूलाई अनुमति दिइएको छ ।'

संयुक्त टोलीले सुरुङभित्रको वस्तुस्थिति र सम्भाव्यताको प्राविधिक अनुगमन गर्ने भनिएको छ । प्रारम्भिक अनुगमनका आधारमा उद्धार सम्भव हुने देखिएमा चीनतर्फ रसुवा सीमा क्षेत्रमा 'स्ट्यान्डबाई' अवस्थामा राखिएका चिनियाँ विज्ञहरूलाई पनि तत्काल घटनास्थलमा बोलाइने भनिएको छ । सुरुङभित्रको अवस्था अत्यन्त चुनौतीपूर्ण भए तापनि नेपाल सरकार, नेपाली सेना र चिनियाँ विज्ञ टोलीको एकीकृत प्रयासबाट फसेका श्रमिकहरूलाई सकुशल बाहिर निकाल्न हरसम्भव कोसिस भइरहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । सरकारको अनुमतिमा उनीहरू बाढीग्रस्त क्षेत्रमा खटिएको प्रधानमन्त्री शाहको सचिवालयले जनाएको छ ।

विपद्मा परेकाहरूको खोज र उद्धारका साथै फोरेन्सिक जाँच तथा शव व्यवस्थापनका लागि समेत छिमेकी राष्ट्रको प्राविधिक सहयोग मागिएको सरकारले जनाएको छ ।

अन्तर्राष्ट्रिय दूतावासहरूसँग समन्वय गरी पर्यटकका परिवारलाई सूचना दिने र शव पहिचान तथा फिर्ता पठाउने प्रक्रिया सहज बनाइएको परराष्ट्रमन्त्री खनालले बताए । 'रसुवालगायतका जिल्लामा पहिचान हुन नसकेका शवहरूको सनाखतका लागि नेपालको मौजुदा फरेन्सिक क्षमता अपर्याप्त रहेको छ,' उनले भने, 'यसका लागि डिएनए परीक्षण र रिपोर्टिङमा सहयोग पुऱ्याउन विदेशी सरकारहरूलाई आग्रह गरिएको छ ।'

बाढीका कारण भएको भयानक मानवीय तथा भौतिक क्षतिको विस्तृत तथ्यांक भने अझै आउन सकेको छैन । बाढी गएको चार दिनसम्म नेपाल सरकारले खोज तथा उद्दारलाई प्रभावकारी बनाउन नसकेको प्रभावित जिल्लाका नागरिकहरूको गुनासो बढ्न थालेको छ ।

करिब १५ हजार घर बाढीले बगाएको प्रारम्भिक तथ्यांक आएपनि सरकारले आधिकारिक रूपमा कति क्षति भएको भन्ने सूचना अझै दिन नसक्नु सराकारी संयन्त्र परिचारलमा कमजोरी भएको विज्ञहरू बताउँछन् ।

विपद्बाट सिर्जित समस्याको स्तर हाम्रो बुताभन्दा बाहिर रहेका अवस्थामा सरकारले विदेशी प्राविधिक टोली परिचालन समयमै गर्न नसक्नु सरकारको कमजोरी रहेको विपद विज्ञ मान थापाले बताए ।

'युएनको मातहत रहने गरी अन्तराष्ट्रिय खोज तथा उद्दार एडभाइजरी ग्रुपसँग मात्रै सहयोग मागेको थियो भने हामीले धेरै नागरिक बचाउन सक्थ्यौं,' उनले मध्यान्हसँग भने, 'त्यसमा सरकारको एक पैसा पनि खर्च हुँदैनथ्यो, उनीहरूले नै सबै खर्च व्यहोरेर पठाउँथे । तर सरकारले त्यसतर्फ किन ध्यान दिएन ।'

यो विपद् हामीले कल्पना गरेको र क्षमता भन्दा धेरै ठुलो भएको उनको बुझाइ छ । 'विपद्मा प्रविधिको विकासमा पूर्व सूचनाको अभाव भयो,' विज्ञ थापाले भने, 'चाइना पक्षबाट समयमै पूर्वसूचना भएको भए यति ठुलो मानवीय क्षति व्यहोर्नुपर्दैन थियो ।' विपद्को समयमा सरकारले भनेका सन्देशलाई नागरिक स्वयंले नपत्याउने कारण पनि मानवीय क्षति बढी हुने गरेको थापाको बुझाइ छ ।

जमिनमुनि...

प्रत्येक शवबाट डिएनए परीक्षणका लागि नमुना संकलन गरी सुरक्षितरूपमा गारिने प्रधानमन्त्री कार्यालयका सहसचिव प्रदीप परियारले बताए । 'भविष्यमा कुनै परिवारले आफ्नो आफन्त भएको दाबी गरेमा डिएनए परीक्षणमार्फत पहिचान खुलाउन सकिने र पहिचान पुष्टि भएमा आवश्यक प्रक्रियापछि शव निकालेर परिवारलाई बुझाउन सकिने गरी व्यवस्थापन गरिने छ,' उनले भने ।

सुन...

त्यसको स्वामित्व स्वतः समाप्त हुँदैन । उदाहरणका लागि बाढीले बगाएर ल्याएको ग्यास सिलिन्डर सडक वा नदी किनारमा भेटियो भने त्यो सिलिन्डर जसको घर वा व्यवसायबाट बगेको हो, उसको कानुनी हक कायम रहन सक्छ । त्यस्तै बैंकको सेफ बाढीले बगाएर अर्को ठाउँमा पुऱ्याए पनि त्यसमा रहेको रकममाथिको स्वामित्व समाप्त हुँदैन ।

सामान भेटेपछि सम्बन्धित निकायलाई बुझाउन सकिन्छ । तर त्यसलाई फोडेर पैसा निकाल्नु, लुकाउनु, बेच्नु वा आफ्नो बनाउनु दण्डनीय कार्य हो ।

बाढीको मौका छोपेर चोरी गरे झन् कडा सजाय हुने व्यवस्था छ । यससम्बन्धी कानुनी व्यवस्था मुलुकी अपराध संहिताको दफा २४२ मा छ ।

दफा २४२ को उपदफा (१) को खण्ड (ग) ले भूकम्प, आगलागी, बाढी, हुलदंगा वा यस्तै प्रकृतिको संकटापन्न अवस्था अथवा दुर्घटनाको मौका छोपी सम्पत्ति चोरी गरेको अवस्थामा दुई वर्षदेखि सात वर्षसम्म कैद र २० हजारदेखि ७० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था छ ।

अर्थात् सामान्य अवस्थामा हुने चोरी र विपद्को मौका छोपेर गरिने चोरीलाई कानुनले एउटै रूपमा हेरेको छैन ।

प्रहरीका अनुसार 'बाढीले बगाएर ल्याएको त हो', 'मालिक को हो थाहा छैन', 'सबैले उठाइरहेका थिए, मैले पनि उठाएँ' भन्ने तर्क गरेर यस्तो अपराधबाट उन्मुक्ति पाइँदैन । अर्को व्यक्तिको सम्पत्ति हो भन्ने थाहा हुँदाहुँदै वा बेइमानीको नियतले आफ्नो बनाउन खोजेको कसुरमा कानुनी कारबाही हुन सक्छ ।

यसअनुसार धादिङमा पक्राउ परेका २९ जनाको घटनामा प्रहरीले उनीहरूले नदीले बगाएर ल्याएको बैंकको सेफ फोडेर रकम निकालेको आरोपमा अनुसन्धान गरिरहेको छ ।

प्रहरीका अनुसार उनीहरूबाट ९२ लाख ६८ हजार ५ सय ५ रुपैयाँ बरामद भएको छ । गल्छी गाउँपालिका-४ बेल्खुखोला क्षेत्रमा त्रिशूली नदी किनारमा सेफ भेटिएको र त्यसलाई आफूखुसी फोरेर रकम निकालिएको उजुरीपछि अनुसन्धान अघि बढाइएको विवरण सार्वजनिक भएको छ ।

अब अनुसन्धानका क्रममा सेफ कसको थियो, त्यसमा कति रकम थियो, पक्राउ परेकाहरूले सेफ कसरी कब्जामा लिए, रकम निकाल्ने उद्देश्य के थियो र उनीहरूले रकम आफ्नो बनाउन खोजेका थिए कि थिएनन् भन्ने नियोल गरिन्छ ।

यी तथ्य प्रमाणित भएपछि सम्बन्धित कसुरदारलाई दुई वर्षदेखि सात वर्षसम्म कैद र २० हजारदेखि ७० हजार जरिवाना हुन सक्छ ।

बाढीमा मृत्यु भएकी महिलाको शवबाट सुनका गहना निकालिएको घटनामा पनि यस्तै घटना हो ।

कसैको मृत्यु हुँदैमा उसको शरीरमा रहेको सुन वा गहना बेवारिसे हुँदैन । मृतकको सम्पत्तिमाथि कानुनबमोजिम हकवालाको अधिकार रहन्छ । त्यसैले शवबाट गहना निकालेर आफ्नो बनाउने कार्यलाई सामान्य रूपमा 'भेटिएको सामान उठाएको' भनेर मात्र हेर्न मिल्दैन ।

अनुसन्धानबाट मृतकको गहना बेइमानीको नियतले निकालेर आफ्नो बनाउन खोजेको र घटना बाढीको संकटको मौका छोपी गरिएको प्रमाणित भयो भने मुलुकी अपराध संहिताको दफा २४१ अन्तर्गत चोरी र दफा २४२(१)(ग) अन्तर्गत विपद्को मौका छोपेर चोरी गरेको कसुरमा कारबाही हुन्छ ।

साथै, यसलाई धेरैले मानवीयतासँग समेत जोडेर हेरेका छन् । रास्वपाका प्रवक्ता जगदिश खरेल लासबाट समेत सुन चोर्ने अवस्थामा समाज पुग्नलाई गम्भीर विषय मान्दछन् ।

उनी भन्छन्, 'बगाएर ल्याएको शवबाट कसैले सुन चोर्छ भने हामी आफैंले सोच्नुपऱ्यो नेपाली समाज कहाँ गइरहेको छ ?'

विनाशकारी...

उनी कम्तीमा भेटिनेछन् ।' मलेसियाली पेशेवर पदयात्री मोहम्मद फखरुल मुनिर मोहम्मद इसाकासँगै नेपाल आएका थिए । बेपत्ता रहेका अर्का अधिकारी अग्नि तथा उद्धार विभागका वरिष्ठ अधिकारी मोहम्मद सानी हारुल छन् । कतिपय मलेसियाली भोटेकोशी क्षेत्रको दोस्रो पटकको यात्रामा थिए । अधिकांश मलेसियालीले नेपाल-चीन अध्यागमन भवनबाट आफ्नो परिवारलाई भ्रमण, भौगोलिक अवस्था, थकान र आगामी यात्राबारे अद्यावधिक गराएका थिए । त्यो नै परिवारसँगको अन्तिम कुराकानी थियो ।

बुधबार बिहान भोटेकोशीमा आएको बाढीपछि उनीहरू सम्पर्कमा छैनन् । आफन्तहरूले नेपालस्थित मलेसियाली दूतावासमा आफन्तबारे जानकारी लिन तारन्तार टेलिफोन गरिरहेका छन् । तर सकारात्मक जवाफ पाउन सकेका छैनन् ।

मलेसियाका राजा सुल्तान इब्राहिम र प्रधानमन्त्री अनवर इब्राहिमले उद्धारका लागि आवश्यक कदम चाल्न निर्देशन दिएका छन् । काठमाडौंस्थित मलेसियाली दूतावासले नेपाली अधिकारीसँग समन्वय गर्दै हवाई तथा स्थलमार्गबाट खोजी तथा उद्धार प्रयास जारी राखेको बताएको छ । हालसम्म कुनै मलेसियाली नागरिकको मृत्यु वा घाइते भएको पुष्टि भएको छैन ।

लोकतान्त्रिक...

केसीलाई संस्थाबाट साधारण सदस्यतासमेत नरहने गरी कारबाही गरिएको जनाएको छ ।

यसअघि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले पनि तोकिएको समयमै स्पष्टीकरण पेस नगरी मञ्चको निर्णय अवज्ञा गरेको भन्दै एसिया लिंक सर्भिसेस प्रा.लि.का सञ्चालक मिलन कट्टेल, द रिभर ओभरसिज प्रा.लि.का सञ्चालक रघुनाथ पुरी र ट्रस्ट नेपाल ओभरसिज प्रा.लि.का सञ्चालक रविन गुरुङलाई कारबाही गरेको थियो ।

काठमाडौं उपत्यकामा मनाइयो गाईजात्रा

काठमाडौं/मस-काठमाडौं उपत्यकामा परम्परागत सांस्कृतिक एवं ऐतिहासिक पर्व गाईजात्रा श्रद्धा तथा हर्षोल्लासका साथ मनाइएको छ । एक वर्षभित्र दिवंगत भएका आफन्तको पुण्य स्मृतिमा मनाइने गाईजात्राका अवसरमा काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न टोलमा बिहानैदेखि जात्राको चहलपहल देखिएको थियो ।

दिवंगत पितृको आत्माको शान्तिको कामना गर्दै मृतकका परिवारजनले गाई वा गाईको प्रतीकका रूपमा बालबालिकालाई विभिन्न भेषभूषामा सिँगारेर नगर परिक्रमा गराएका थिए। धार्मिक विश्वासअनुसार गाईजात्रा निकाल्दा दिवंगत आत्माले सद्गति प्राप्त गर्नुका साथै यमलोकको यात्रा सहज हुने मान्यता छ ।

विशेषगरी नेवार समुदायमा धार्मिक तथा सांस्कृतिक महत्व बोकेको यस पर्वमा विभिन्न बाजागाजा, नाच तथा झाँकीसहित नगर परिक्रमा गरिएको थियो। जात्रामा सहभागीलाई श्रद्धालुले फलफूल, मिठाई, अन्न तथा आफ्नो गच्छेअनुसार दान-दक्षिणा दिने प्रचलनसमेत रहेको छ ।

काठमाडौं उपत्यकाका विभिन्न ऐतिहासिक तथा सांस्कृतिक स्थलमा जात्रा हेर्न सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो । बालबालिकादेखि वृद्धवृद्धासम्म विभिन्न भेषभूषामा सहभागी भएका थिए ।

गाईजात्रा दिवङ्गत आफन्तको सम्झना र श्रद्धा प्रकट गर्ने पर्वका रूपमा मात्र नभई सामाजिक विकृति तथा विसंगतिविरुद्ध व्यङ्ग्य गर्ने अवसरका रूपमा समेत मनाइँदै आएको छ । जात्राका क्रममा विभिन्न व्यंग्यात्मक प्रस्तुति, प्लेकार्ड, नाच तथा झाँकीमार्फत समसामयिक विषयलाई प्रस्तुत गर्ने परम्परा रहेको छ । गाईजात्राले नेपाली मौलिक संस्कृति र परम्पराको संरक्षणसँगै दिवंगत आफन्तप्रति श्रद्धा व्यक्त गर्ने तथा शोकमा रहेका परिवारलाई सामाजिक रूपमा साथ दिने महत्वपूर्ण सांस्कृतिक भूमिका निर्वाह गर्दै आएको छ ।

गोरु पाल्न बाजुराका १५६ किसानलाई पाँच हजार

बाजुरा/मस– परम्परागत कृषि प्रणालीमा गोरुको प्रयोग तथा किसानलाई गोरु पालनतर्फ आकर्षित गर्न बाजुराका एक सय ५६ किसानलाई प्रतिकिसान रु पाँच हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।

प्रविधि तथा कृषि यान्त्रिकीकरण बढ्दै गएपछि गोरु पाल्ने क्रम घट्न थालेकाले किसानलाई गोरु पालनमा प्रोत्साहित गर्ने उद्देश्यले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रमअन्तर्गत उक्त रकम उपलब्ध गराएको हो ।

प्रोत्साहन रकम पाउने किसानमा स्वामीकार्तिक खापर गाउँपालिकाका ३७, बडीमालिका नगरपालिकाका ३३, गौमुल गाउँपालिकाका ३२, बुढीनन्दा नगरपालिकाका १४, खप्तड छेडेदह गाउँपालिकाका १४, जगन्नाथ गाउँपालिकाका ११, हिमाली गाउँपालिकाका सात, त्रिवेणी नगरपालिकाका चार र बुढीगंगा नगरपालिकाका तीन जना रहेका छन् । उक्त कार्यक्रमका लागि जिल्लाका नौवटै स्थानीय तहबाट चार सय जनाले आवेदन दिएका थिए । आवश्यक कागजात जाँच गरी दुई सय जना छनोट गरिए पनि असार २५ गतेसम्म एक सय ५६ किसानले मात्रै आवश्यक प्रक्रिया पूरा गरेपछि उनीहरूको बैंक खातामा प्रतिकिसान रु पाँच हजारका दरले रकम भुक्तानी गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख सिद्धराज जैशीले जानकारी दिए ।

'घरमा एक हल गोरु पालेर परम्परागत कृषि प्रणालीअनुसार खेती गरिरहेका किसान तथा जिल्लाका विकट स्थानीय तहलाई प्राथमिकता दिएर छनोट गरी रकम उपलब्ध गराएका छौं' उनले भने, 'दुर्गम गाउँबाट सदरमुकाम आउन सहज नभएकालाई सम्बन्धित पालिकामै आवश्यक कागजात बुझाउने व्यवस्था गरेका थियौं ।'

गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारले हल गोरु पालन गर्ने किसानलाई प्रोत्साहन गर्ने कार्यक्रमका लागि बाजुरामा १० लाख बजेट विनियोजन गरेको थियो ।

विपद् राहतमा विश्वविद्यालयको साथ

तलब कटाएर बाढीपीडितलाई सहयोग

काठमाडौं/मस– रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवनलगायत जिल्लामा आएको भीषण बाढी तथा प्राकृतिक विपद्वाट प्रभावित नागरिकको राहत, उद्धार र पुनःस्थापनाका लागि विभिन्न विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीले आफ्नो तलबबाट आर्थिक सहयोग गर्ने भएका छन् ।

पोखरा विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयले कार्यकारी परिषद्को बैठकबाट पदअनुसार निश्चित रकम तलबबाट कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने निर्णय गरेका हुन् ।

पोखरा विश्वविद्यालयले मात्रै करिब ७० लाख रुपैयाँ सहयोग गर्ने भएको छ । विश्वविद्यालय कार्यकारी परिषद्को भदौ १३ गते बसेको बैठकले पदाधिकारी, शिक्षक तथा कर्मचारीबाट तहअनुसार निश्चित रकम संकलन गरी कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

निर्णयअनुसार उपकुलपतिबाट एक महिनाको तलब बराबरको रकम तथा प्राध्यापक, प्रशासक, सहप्राध्यापक, सहप्रशासक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट मासिक सुरु तलब स्केलको १० दिन बराबरको रकम योगदान गरिनेछ । उपप्राध्यापक, उपप्रशासक, प्रशिक्षक, सहायक प्रशासक वा सोसरहका कर्मचारीबाट सात दिन, उपप्रशिक्षक, सहायक प्रशिक्षक, मुख्य सहायक, सहायक वा सोसरहका कर्मचारीबाट पाँच दिन तथा श्रेणीविहीन कर्मचारीबाट दुई दिनको सुरु तलब बराबरको रकम कट्टा गरिने विश्वविद्यालयले जनाएको छ ।

यस्तै, त्रिभुवन विश्वविद्यालयले पनि प्राकृतिक विपद्वाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि आर्थिक सहयोग गर्ने निर्णय गरेको छ । कार्यकारी परिषद्को भदौ १२ गते बसेको बैठकअनुसार उपकुलपति, रजिस्ट्रार र रेक्टरबाट एक महिनाको पारिश्रमिक कट्टा गरिनेछ ।

प्राध्यापक तथा प्रशासनतर्फका सोसरहका कर्मचारीबाट मासिक सुरु तलब स्केलको १० दिन, उपप्राध्यापक, उपप्रशासक, शाखा अधिकृत तथा प्रशिक्षक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट सात दिन, मुख्य कार्यालय सहायक तथा कार्यालय सहायकबाट पाँच दिन र श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको तलब कट्टा गरिनेछ ।

पूर्वाञ्चल विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीले पनि विपद् राहतका लागि तलबबाट योगदान गर्ने भएका छन् । विश्वविद्यालय कार्यकारी परिषद्को भदौ १३ गतेको निर्णयअनुसार उपकुलपति र रजिस्ट्रारबाट एक महिनाको तलब, डीन, परीक्षा नियन्त्रक, प्राध्यापक तथा प्रशासनतर्फका सम्बन्धित कर्मचारीबाट आधा महिनाको तलब कट्टा गरिनेछ ।

त्यस्तै, सहप्राध्यापक तथा मुख्य अधिकृतबाट १० दिन, उपप्राध्यापक, वरिष्ठ अधिकृत, सहायक प्राध्यापक/शिक्षण सहायक तथा अधिकृतबाट सात दिन, मुख्य सहायक तथा सहायकबाट पाँच दिन र सवारी चालक तथा कार्यालय सहयोगीलगायत श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको तलब कट्टा गरिने विश्वविद्यालयले जनाएको छ । विश्वविद्यालयले सम्बन्धन प्राप्त कलेज तथा क्याम्पसलाई समेत विपद्वाट प्रभावित परिवार तथा समुदायका लागि सकेको आर्थिक सहयोग गर्न आग्रह गरेको छ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयले पनि पदाधिकारी, शिक्षक तथा कर्मचारीको भदौ महिनाको तलबबाट रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको छ । उपकुलपति, रजिस्ट्रार, सबै डीन र परीक्षा नियन्त्रकबाट एक महिनाको तलब तथा सबै निर्देशक र सहायक डीनबाट आधा महिनाको तलब कट्टा गरिनेछ ।

त्यस्तै, प्राध्यापक तथा प्रशासक, सहप्राध्यापक तथा सहप्रशासक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट १० दिन, उपप्राध्यापक तथा उपप्रशासक, शाखा अधिकृत तथा प्रशिक्षकबाट सात दिन, मुख्य कार्यालय सहायक तथा कार्यालय सहायकबाट पाँच दिन र सवारी चालक, कार्यालय सहयोगीलगायत श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको पारिश्रमिक कट्टा गरिने विश्वविद्यालयले जनाएको छ ।

भदौ १० गते रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवनलगायत जिल्लामा ठूलो जनधनको क्षति भएको थियो । विपद्वाट प्रभावित परिवार तथा समुदायको राहत, उद्धार र पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले विश्वविद्यालयहरूले तलबबाट रकम कट्टा गरी सरकारी कोषमा जम्मा गर्ने निर्णय गरेका हुन् ।

विश्वविद्यालयहरूले विपद्मा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । साथै, राष्ट्रिय विपद्को यस घडीमा राहत तथा पुनःस्थापनाका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्न सबैलाई आग्रह गरेका छन् ।

रसुवा बाढीपीडितका लागि रक्तदान

पर्सामा ८८ जनाले दिए रगत

लालबाबु बानियाँ/मध्यान्ह
पर्सा, १३ भदौ

मानव जीवन बचाउने तथा रगतको अभाव न्यूनीकरण गर्ने उद्देश्यले पर्साको धोबीनी गाउँपालिका-४, लंगडी चौकमा आयोजित वृहत् खुला रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

ह्युमन लभ च्यारिटी फन्डको आयोजनामा भएको कार्यक्रममा तीन महिलासहित ८८ जनाले रक्तदान गरेका छन् । रसुवामा भएको विनाशकारी बाढीका कारण घाइते तथा प्रभावितलाई आवश्यक पर्ने रगतको अभाव हुन नदिन रक्तदान कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा विभिन्न क्षेत्रका नागरिक, युवा, समाजसेवी तथा रक्तदाताको उत्साहजनक सहभागिता रहेको थियो। विशेषगरी एकै परिवारका श्रीमान-श्रीमतीले समेत कार्यक्रममा सहभागी भई रक्तदान गरेपछि अन्य रक्तदातामा थप उत्साह देखिएको थियो ।

रक्तदान गर्नेहरूमा शिक्षक निरज पटेल र रेन्जु पटेलले एकसाथ रक्तदान गरेका थिए । त्यस्तै चित्रन्जना पटेल, हिना बेगम, रामपुर्ती साह कानु, लोकनाथ पटेल, रामानन्द ठाकुर, सुलतान मियाँ, रामबाबु पटेल, पशुराम पटेल, राजन गुप्ता, रोशन चौरसिया, उमेश साह कानु, अलियास मियाँ, अमन पटेल, प्रशान्त गुप्ता, दिनानाथ साह, झगरु पटेललगायतले मानव सेवाको भावनासहित रक्तदान गरेका थिए ।

रक्तदाताहरूले रक्तदानलाई जीवनदानको रूपमा व्याख्या गर्दै नियमित रक्तदान अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन्। ह्युमन लभ च्यारिटी फन्डका अध्यक्ष डा.इम्रान अन्सारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा धोबीनी गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहान प्रमुख अतिथि तथा वडा अध्यक्ष अबास मियाँ, मनाउर अहमद र कार्यपालिका सदस्य दिनेश कलवार अतिथि रहेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरूले रक्तदान मानवताको महत्वपूर्ण सेवामध्ये एक भएको उल्लेख गर्दै रगतको अभावका कारण कुनै पनि बिरामीले ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले यस्ता अभियान आवश्यक रहेको बताए। उनीहरूले युवाहरूलाई सामाजिक उत्तरदायित्व निर्वाह गर्दै नियमित रूपमा रक्तदान गर्न आग्रह गरे ।

नेपाल रेडक्रस सोसाइटी पर्साका अध्यक्ष बृजकिशोर पटेलले रक्तदानले बिरामीको जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्ने बताउँदै स्वस्थ व्यक्तिले नियमित रूपमा रक्तदान गर्नुपर्ने धारणा व्यक्त गरे । समाजमा रक्तदानसम्बन्धी सकारात्मक सन्देश फैलाउन युवाहरूको भूमिका महत्वपूर्ण रहेको उनको भनाइ थियो ।

कार्यक्रममा ह्युमन लभ च्यारिटी फन्डका रिजवान अन्सारी, विकास साह, अजय पटेल, मुकेश पटेल, रेयाज हुसेन, राजन कुमार बानिया, मुक्तीजहुर अन्सारी, खालिद जेया, नवसाद अन्सारी, साजित अन्सारी, समिम समानी, निरज पटेल, सत्यम गुप्तालगायतको सहभागिता रहेको थियो ।

रौतहटको जुडीबेलास्थित कृषि फर्मको गाईगोठमा आगलागी

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १३ भदौ

रौतहटको उत्तरी भेगमा अवस्थित चन्द्रपुर नगरपालिका वडा नं. २, जुडीबेलास्थित एक एकीकृत कृषि फर्मको गाईगोठमा शनिबार बिहान भीषण आगलागी हुँदा सात वटा चौपाया मरेका छन् ।

आगलागीबाट ठूलो परिमाणमा भौतिक तथा पशुधनको क्षति भएको छ । स्थानीय कृषक नरराज आचार्यले सञ्चालन गर्दै आएको आचार्य एकीकृत कृषि फर्मको गाईगोठमा शनिबार बिहान करिब ५ बजेको समयमा अचानक सल्किएको आगोले गोठलाई पूर्ण रूपमा लपेटेको थियो ।

घटनाको जानकारी बिहान ६:१० बजे प्राप्त हुनासाथ प्रहरी सहायक निरीक्षक बरुणकुमार रायको कमाण्डमा प्रहरी टोली तुरुन्त घटनास्थलतर्फ प्रस्थान गरेको थियो । घटनास्थल

पुगेको प्रहरी टोली र स्थानीय बासिन्दाहरूको संयुक्त प्रयास एवं सक्रियतामा बिहान ६:५० बजे आगो पूर्ण रूपमा नियन्त्रणमा ल्याइएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

प्रहरीले दिएको प्रारम्भिक विवरणअनुसार आगलागीमा परेर मरेका चौपायामा ४ वटा गाई, २ वटा गाईका बाच्छा र १ वटा भैंसी गरी कुल ७ वटा चौपाया रहेका छन् । आगलागीबाट गम्भीर घाइते अवस्थामा रहेका २ वटा गाई र १ वटा खसीलाई जीवितै उद्धार गरिएको छ। उद्धार गरिएका पशुहरूको उपचार प्रक्रिया अगाडि बढाइएको छ ।

आगलागीका कारण गोठमा रहेका दाना, पराल, संरचना तथा चौपायासहित करिब ९ लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । यद्यपि, समयमै आगो नियन्त्रणमा लिन सकिएकाले कुनै मानवीय क्षति भने हुन पाएन ।

आगलागी कसरी र कुन कारणले भयो भन्नेबारे अझै स्पष्ट हुन नसकेको प्रहरीले जनाएको छ । घटनाको वस्तुस्थिति बुझ्न र कानुनी प्रक्रिया पूरा गर्न इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट प्रहरी निरीक्षक दिनेश थापाको नेतृत्वमा विशेष मुचुल्का टोली खटिएको छ ।

उक्त टोलीले घटनास्थलको गहन निरीक्षण गरी क्षतिको यकिन विवरण संकलन गर्नुका साथै घटनाको वास्तविक कारणबारे थप अनुसन्धान अगाडि बढाएको छ ।

मस्जिद–मदरसा बने राहत संकलन केन्द्र

काठमाडौं/मस– रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा गएको बाढी तथा त्यसबाट उत्पन्न मानवीय संकटमा राहत पुऱ्याउने उद्देश्यले देशभरका मस्जिद तथा मदरसामा शुक्रबार राहत रकम संकलन गरिएको छ ।

संकलित रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने तथा आवश्यकता पहिचान गरी घटनास्थलमै पुगेर राहत सामग्री वितरण गर्ने अभियानसमेत अघि बढाइएको छ ।

पूर्वमन्त्री तथा संविधानसभा सदस्य मोहम्मद जाकिर हुसैनका अनुसार हालसम्म देशभरका तीन सयभन्दा बढी मस्जिद-मदरसा आबद्ध व्यक्ति तथा प्रतिनिधिसँग सम्पर्क भएको छ। तीमध्ये कतिपयले रकम सङ्कलन गरी प्रधानमन्त्री राहत कोषमा जम्मा गरिसकेका छन् भने कतिपय जम्मा गर्ने प्रक्रियामा छन् । केहीले स्थानीय आवश्यकता पहिचान गरी घटनास्थलमै पुगेर राहत सामग्री वितरण गर्ने तयारी गरिरहेका छन् ।

हुसैनले बाढी आएको भोलिपल्ट बिहानदेखि नै 'मस्जिदबाट बाढीपीडितलाई राहत सहायता अभियान' नामबाट सामाजिक सञ्जालमार्फत राहत अभियान सुरु गरेका थिए । उनका अनुसार अभियानमा सुरुदेखि नै केही युवाले साथ दिइरहेका छन् भने देशभरका मुस्लिम समुदायबाट सकारात्मक समर्थन प्राप्त भइरहेको छ ।

यो कुनै निश्चित संस्था वा संगठनको मात्र अभियान नभएको स्पष्ट गर्दै हुसैनले प्रत्येक नागरिकले आफ्नो क्षमताअनुसार अभियानमा सहभागी हुन सक्ने बताए ।

'यस अभियानमा सहयोग गर्ने प्रत्येक व्यक्ति यसको सदस्य हो। कसैले आर्थिक सहयोग गर्न सक्छ, कसैले राहत सामग्री उपलब्ध गराउन सक्छ र कसैले स्वयं घटनास्थलमा पुगेर सेवा गर्न सक्छ,' उनले भने। बाढीपीडितको पुनर्स्थापना पूरा नभएसम्म अभियानलाई निरन्तरता दिने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन् ।

पूर्वमन्त्री हुसैनले २०७२ सालको विनाशकारी भूकम्पपछि मुस्लिम समुदाय, मस्जिद, मदरसा तथा विभिन्न सामाजिक संस्थाले प्रभावित जिल्लामा पुगेर गरेको राहत तथा उद्धार कार्यको स्मरण गरे । त्यतिबेला आफू संविधानसभा सदस्य रहेको उल्लेख गर्दै उनले सयौं सांसद, मन्त्री तथा प्रधानमन्त्री तहका व्यक्तिसँग समन्वय गरी राहत वितरणमा भूमिका निर्वाह गरेको बताए ।

२०७२ सालको भूकम्पपछि खोज, उद्धार तथा राहत वितरणमा सक्रिय इस्लामी संघ नेपाल, जमियते उलेमा, जमिअत अहले हदीसलगायत संस्थासँग समन्वय गरी आफूले महिनौंसम्म राहत अभियानमा काम गरेको उनको भनाइ छ ।

उनका अनुसार त्यसबेला १३ जिल्लामा सयौं ट्रकभन्दा बढी राहत सामग्री वितरणमा आफू प्रत्यक्ष रूपमा सहभागी भएका थिए। उद्धारका क्रममा तीन दिनसम्म भग्नावशेषमा पुरिएका तीनजनालाई जीवितै उद्धार गर्न सफल भएको तथा ५० भन्दा बढी शव भग्नावशेषबाट निकालिएको अनुभवसमेत उनले सुनाए ।

भूकम्पपछिको उद्धार कार्यमा टर्की, हल्याण्ड, अमेरिका र भारतबाट आएका टोलीसँग समन्वय गरेको स्मरण गर्दै हुसैनले विपत्तिको समयमा नेपालका विभिन्न समुदाय र संस्थाले मिलेर गरेको मानवीय सेवा अहिलेको राहत अभियानका लागि पनि प्रेरणादायी रहेको बताए ।

उनले रामेछापको प्रीति भन्ने विकट दलित बस्तीमा राति २ बजे राहत सामग्री पुऱ्याउँदाको जोखिमपूर्ण यात्रा पनि स्मरण गरे। टुटेफुटेका बाटामा ढुंगा राख्दै, पानी पर्ररहेका बेला जाडोमा कठ्याग्रिदै खराब सडक र प्रतिकूल मौसमका कारण जंगलकै बाटोमा पुगेर प्रीतिका बासिन्दालाई एक बस राहत सामग्री हस्तान्तरण गरेको घटना उनले सुनाए ।

विभिन्न जिल्लाबाट राहत अभियान तीव्र

हुसैनका अनुसार अहिले पनि इस्लामी संघ नेपाललगायत विभिन्न मुस्लिम सामाजिक तथा धार्मिक संस्था राहत अभियानमा सक्रिय छन् । इस्लामी संघ नेपालको टोली राहत सामग्री लिएर नुवाकोट पुगेको उनले जानकारी दिए । त्यस्तै धनुषा मुस्लिम समाजले पनि राहत सामग्रीसहित नुवाकोटतर्फ पुगेर सहयोग गर्ने प्रयास गरेको उनले बताए । देशभरका मस्जिद तथा मदरसामा राहत सङ्कलन अभियान सञ्चालन भइरहेको र बाढीपीडितको पुनर्स्थापनासम्म मुस्लिम समुदायले आफ्नो क्षमताअनुसार सहयोग जारी राख्ने प्रतिबद्धता विभिन्न जिल्लाबाट प्राप्त भइरहेको हुसैनले बताए ।

सान नेपालद्वारा बाढीपीडितलाई

२ लाख ११ हजार सहयोग

काठमाडौं/मस– रसुवाको भोटेकोशीमा आएको बाढीबाट पीडितहरूको सहयोगका लागि सान नेपाल प्रा.लि.ले २ लाख ११ हजार १ सय १० रुपैयाँ प्रदान गरेको छ। उक्त कम्पनीका अध्यक्ष नवलकिशोर यादवले दैवी विपत्ति, प्राकृतिक प्रकोप तथा महामारीको अवस्थामा कम्पनीको सामाजिक उत्तरदायित्वअन्तर्गत योगदान गर्दै आएको बताए ।

विनाशकारी बाढीबाट ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै उक्त कम्पनीले विपत्तिको यस कठिन परिस्थितिमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू एवं विश्व समुदायलाई मानवीय सहयोगका लागि अगाडि आउन र बाढीपीडितहरूको साथमा उभिन आग्रह गरेको छ ।

भोटेकोशी बाढीपीडितलाई वीरगन्ज महानगरपालिकाले

१ करोड ११ लाख सहयोग गर्ने

महमद सदाब/मध्यान्ह
वीरगन्ज, १३ भदौ

भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि वीरगन्ज महानगरपालिकाले १ करोड ११ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने भएको छ ।

कार्यवाहक नगर प्रमुख इम्तियाज आलमको अध्यक्षतामा बसेको आकस्मिक कार्यपालिका (बोर्ड) बैठकले बाढीपीडितका लागि उक्त रकम सहयोग गर्ने निर्णय गरेको हो । बैठकले सहयोग रकम महानगरपालिकाका विभिन्न आन्तरिक स्रोतबाट जुटाउने निर्णयसमेत गरेको छ । निर्णयअनुसार

महानगरपालिकाअन्तर्गतका प्रत्येक वडा कार्यालयले १ लाख २५ हजार रुपैयाँका दरले सहयोग उपलब्ध गराउनेछन् । त्यस्तै, महानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिले आफ्नो एक महिनाको तलब तथा सेवा-सुविधाबराबरको रकम बाढीपीडितका लागि प्रदान गर्नेछन् । महानगरपालिकामा कार्यरत कर्मचारीको तलबबाट पनि मुख्यसचिवस्तरीय निर्णयअनुसार तोकिएको रकम कट्टा गरी सहयोग रकममा समावेश गरिने जनाइएको छ ।

भोटेकोशी बाढीका कारण जनधनको ठूलो क्षति व्यहोरेका नागरिकलाई विपद्को कठिन परिस्थितिमा राहत तथा पुनःस्थापनाका लागि सहयोग पुगोस् भन्ने उद्देश्यले आकस्मिक कार्यपालिका बैठक बोलाएर सहयोग गर्ने निर्णय गरिएको कार्यवाहक नगर प्रमुख आलमले बताए । महानगरपालिकाले विपद्का कारण प्रभावित नागरिकको राहत र पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त आर्थिक सहयोगको निर्णय गरेको जनाएको छ ।

विज्ञान एचआर म्यानेजमेन्टद्वारा

बाढीपीडितलाई ५१ हजार १११ रुपैयाँ सहयोग

काठमाडौं/मस– रसुवाको भोटेकोशीमा आएको बाढीबाट पीडितहरूको सहयोगका लागि विज्ञान एचआर म्यानेजमेन्ट प्रा.लि.ले ५१ हजार १ सय ११ रुपैयाँ प्रदान गरेको छ । काठमाडौंको चप्पलकारखानास्थित विज्ञान एचआर म्यानेजमेन्टले बाढीपीडितका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग रकम जम्मा गरेको हो ।

उक्त कम्पनीका डाइरेक्टर वसन्त लामाले दैवी विपत्ति, प्राकृतिक प्रकोप तथा महामारीको अवस्थामा कम्पनीको सामाजिक उत्तरदायित्वअन्तर्गत योगदान गर्दै आएको बताए ।

विनाशकारी बाढीबाट ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै उक्त कम्पनीले विपत्तिको यस कठिन परिस्थितिमा देश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली एवं विश्व समुदायलाई मानवीय सहयोगका लागि अग्रसर हुन आह्वान गरेको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

मानवता नबगाऔं

रसुवाको भोटेकोशीमा आएको बाढीसँगै सार्वजनिक भएका केही दृश्यले कतिपय मानिसमा रहेको मावनता उजागर गरेको छ । नेपाली सेना, नेपाल प्रहरी, स्थानीय स्वयंसेवक र सर्वसाधारण उद्धारमा खटिएका छन् । विपद्मा सिंगो देश शोकमग्न छ, कैयन मानिसहरू बाढीमा फसेका र जोगिएकाहरूको ज्यान बचाउन लागिपरेका छन् । तर, बाढीले बगाएर ल्याएको शवबाट सुन निकाल्ने र सेफ फोर्ने जस्ता कार्य गर्नेहरू पनि देखए । बाढीले बगाएर ल्याएको महिलाको शवबाट सुनका गहना निकालिएको भिडियो सार्वजनिक भयो । घटनामा संलग्न भएको आरोपमा दुई जना पत्राउ परिसकेका छन् । धादिङमा नदीले बगाएर ल्याएको बैंकको सेफ फोरेर रकम निकाल्ने २९ जना पनि पत्राउ परेका छन् । उनीहरूबाट ९२ लाख ६८ हजार ५ सय ५ रूपैयाँ बरामद भएको छ । अर्कोतर्फ बाढीले बगाएका ग्यास सिलिन्डर लगायतका सामान सर्वसाधारणले उठाएर लैजाँदै गरेका दृश्य पनि सार्वजनिक भएका छन् । यस्तो दृश्य देखेपछि धेरैले सामाजिक सञ्जालमा प्रकोपसँगै मानवीय संवेदना पनि कमजोर हुँदै गएको त छैन ? भनेर प्रश्न गरेका छन् ।

बाढीले घर बगाउँछ, खेत बगाउँछ, सडक र पुल बगाउँछ । मानिसको जीवन पनि बगाउँछ । तर विपत्तिले मानिसभित्रको मानवता चाहिँ बगाउन हुँदैन । शवबाट सुन निकालेको, सेफ फोडेको घटना मानवता बगाएको दर्शाउने दृश्य हो । यी घटनालाई केवल लुटपाट भनेर पन्छाउन मिल्दैन । यो सामाजिक चरित्र र मानवीय संवेदनाको परीक्षा पनि हो । कानुनतः कसैको मृत्यु भएपछि पनि उसको शरीरमा रहेको गहना बेवारिसे हुँदैन । त्यसमा मृतकका हकवालाको अधिकार हुन्छ । त्यसैगरी बाढीले घर वा व्यवसायबाट बगाएर ल्याएको सेफ, ग्यास सिलिन्डर वा अन्य सामान नदीकिनारमा भेटिँदैमा त्यो भेट्ने व्यक्तिको सम्पत्ति हुँदैन । मुलुकी अपराध संहिता, २०७४ ले अरूको सम्पत्ति बेइमानीको नियतले आफ्नो बनाउने कार्यलाई चोरी मानेको छ । अझ भूकम्प, आगलागी, बाढी वा यस्तै संकटको मौका छोपी चोरी गरेमा दुईदेखि सात वर्षसम्म कैद र २० हजारदेखि ७० हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने व्यवस्था छ । साथै, कानुनको डरले मात्र असल नागरिक बन्ने होइन । मानवीयता कानुनभन्दा अझ माथि हुनुपर्छ ।

बाढीमा आफ्नो सबैथोक गुमाएको परिवारलाई थप पीडा दिने होइन । उसको बाँकी सम्पत्ति सुरक्षित गरिदिनुपर्छ । बाढीले बगाएर ल्याएको सेफ भेटिए प्रहरीलाई बुझाउने हो । ग्यास सिलिन्डर भेटिए सम्बन्धित मालिक वा प्रशासनलाई जानकारी दिने हो । शव भेटिए गहना खोज्ने होइन, सम्मानपूर्वक उद्धार गरी परिवारसम्म पुऱ्याउने प्रयास गर्ने हो । सबैले ख्याल गर्नुपर्छ, सुरक्षाकर्मी, स्थानीय युवा, स्वयंसेवक र सर्वसाधारणले जोखिम मोलेर मानिसको उद्धार गरेका छन्, शव खोजेका छन्, विस्थापितलाई सहयोग गरेका छन् । यही हो संकटको समयमा देखिनुपर्ने मानवीयता । यसलाई कायम राख्नुपर्छ । बाढीले सम्पत्ति बगाउन सक्छ, जीवन बगाउन सक्छ । तर मानिसको मानवता बग्नु हुँदैन ।

भोटेकोशी बाढी : विकास नीतिमै प्रश्न

भोटेकोशीको बाढीलाई प्राकृतिक विपत्ति भनेर मात्र पन्छिन मिल्दैन । नेपालमा बाढी भूगोलसँग जोडिएको नियमित जोखिम भए पनि नदी करिडोरमा विनायोजना पूर्वाधार र बस्ती थपिँदा क्षति बढेको हो । नीतिको अभावभन्दा पनि नदी-प्रणालीमा आधारित एकीकृत दृष्टिकोणको कमी मूल समस्या हो । अब विकासका आयोजना स्वीकृत गर्दा जोखिम विश्लेषण र प्राकृतिक सीमालाई अनिवार्य आधार बनाउनुपर्छ ।

अग्रलेख

● राम गुरूङ

भोटेकोशीमा आएको भीषण बाढीलाई केवल एउटा भवितव्य वा प्राकृतिक विपत्ति मात्र भनेर टुङ्याउन मिल्दैन । यसको तत्कालीन कारण के थियो–हिमपहिरो, हिमताल विस्फोट, पहिरोले नदी थुनिनु वा असाधारण हिमपग्लाइ–त्यसको निष्कर्ष वैज्ञानिक अध्ययनले देला । तर अर्को प्रश्नको उत्तर खोज्न ढिलाइ गर्नु हुँदैन : एउटा प्राकृतिक घटनाले किन यति ठूलो मानवीय र भौतिक क्षति पुऱ्यायो? यही प्रश्नले हामीलाई विपत्तिको स्रोतबाट जोखिमको व्यवस्थापनतर्फ मोड्छ ।

नेपालमा बाढी नयाँ घटना होइन । उपलब्ध अभिलेखअनुसार २०७५ देखि २०८१ को मध्यसम्म ९२७ वटा बाढीका घटना दर्ज भएका छन्, जसमा २६० जनाको मृत्यु भयो । त्यस्तै, २०७० देखि २०७८ सम्म १,४५१ बाढीका घटनामा ७२२ जनाको मृत्यु, ४४८ बेपत्ता र ६४,६१४ परिवार प्रभावित भए । यसले स्पष्ट पार्छ–बाढी नेपालमा अपवाद होइन, हाम्रो भूगोलसँग जोडिएको नियमित जोखिम हो । त्यसैले प्रश्न 'बाढी किन आयो?' मात्र होइन, 'बाढी आउने संवेदनशील भूगोलमा हामीले मानिस र पूर्वाधार किन र कसरी राखिरहेका छौं?' भन्ने पनि हो ।

नेपालको भूगोल आफैँ जटिल छ । हिमालबाट निस्किएका नदीहरू तीव्र ढलान हुँदै तल झर्छन् । हिमनदी, हिमताल, हिउँ र मनसुनले तिनको बहाव बदल्न सक्छ । पहाडको भूगर्भीय संरचना पनि संवेदनशील छ । त्यसैले चरम जलवहावको सम्भावना प्राकृतिक प्रणालीभित्रै छ । तर प्राकृतिक खतरा आफैँमा मानवीय विपत्ति होइन । खतरा र मानिसबीचको संसर्ग (एक्सपोजर) तथा सङ्कटासन्नताले प्राकृतिक घटनालाई विपत्तिमा बदल्छ । भोटेकोशीको घटना बुझ्न यही सम्बन्ध हेर्नुपर्छ ।

नेपालको विकास अभ्यासले नदी करिडोरलाई आर्थिक करिडोरमा बदल्दै लगेको छ । नदीसँगै सडक बने, सडकसँगै पुल बने, अनि तिनै पूर्वाधारसँगै बजार र बस्ती विस्तार भए । कालान्तरमा विद्यालय, अस्पताल, होटल, व्यवसाय, सरकारी कार्यालय र जलविद्युत् आयोजनाहरू थपिए । यसरी नदी केवल पानीको स्रोत नरहेर सामाजिक-आर्थिक गतिविधिको केन्द्र बन्यो । तर नदी करिडोरको आर्थिक उपयोग जुन गतिमा विस्तार भयो, जोखिम व्यवस्थापन त्यति गतिमा भएन । यही विरोधाभासबाट हाम्रो विकास मोडलमाथि प्रश्न उठ्छ ।

हामीले सहर सुरक्षित बनाउनेबारे धेरै नीति बनायौं । तर नदी किनारमा विस्तार भएका बजार र बस्तीलाई चरम बाढी, नदी कटान, पहिरो र हिमाली जोखिमबाट कसरी सुरक्षित बनाउने भन्ने प्रश्न कमजोर रह्यो । भोटेकोशीका बस्तीहरू केवल घर होइनन्, त्यहाँ परिवार, पसल, होटल, विद्यालय, कार्यालय, सडक र पुल छन् । त्यसैले नदी करिडोरको जोखिमलाई व्यक्तिगत घर-परिवारको समस्या नभई राज्यको 'स्थानिक नियोजन' (स्थान निर्धारणसम्बन्धी योजना) को समस्याका रूपमा बुझ्नुपर्छ ।

यसमा राज्य मात्र होइन, हाम्रो सम्पूर्ण विकास-चिन्तन जिम्मेवार छ । राजनीतिक दलले सडक र पूर्वाधारलाई विकासको प्रत्यक्ष उपलब्धि माने । विकासविद्ले पहुँच विस्तारलाई प्राथमिकता दिए, अर्थशास्त्रीले लगानी र उत्पादनको हिसाब गरे, प्राविधिक निकायले मापदण्ड बनाए र सरकारी निकायले स्वीकृति दिए । तर "आज निर्मित संरचना भोलिको चरम प्राकृतिक घटनामा कत्तिको सुरक्षित रहला?" भन्ने प्रश्न पर्याप्त रूपमा केन्द्रमा आएन । यही छुटेको प्रश्न अहिले मानवीय क्षतिका रूपमा अगाडि आएको छ ।

नीतिगत रूपमा हेर्दा नेपालमा कानुनको अभाव छैन । सार्वजनिक सडक ऐन २०३१, सडक तथा पुलका प्राविधिक मापदण्ड, जलविद्युत् विकास नीति २०५८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, भू-उपयोग ऐन २०७६ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ जस्ता थुप्रै व्यवस्थाहरू छन् ।

त्यसैले कमजोरी 'कानुन छैन' भन्ने होइन, कानुनको सङ्कुचित दृष्टिकोण र अन्तर-निकाय समन्वयमा छ । सडकले सडक हेर्छ, पुलले पुल हेर्छ, जलविद्युत्ले आयोजना हेर्छ, भू-उपयोगले जमिन हेर्छ, स्थानीय तहले बस्ती हेर्छ र वातावरणीय मूल्याङ्कनले आयोजनाको प्रभाव मात्र हेर्छ । तर एउटै नदीको माथिल्लो जलाधारदेखि तल्लो बस्ती, सडक, पुल, बजार र जलविद्युत् आयोजनासम्मलाई एउटै प्रणालीका रूपमा हेरेर समग्र 'सञ्चित जोखिम' निर्धारण गर्ने अभ्यास कमजोर छ ।

यही नै नीतिगत अन्धोबिन्दु (ब्लाइन्ड स्पट) हो । एउटा पुल वा सडक आफ्नो मापदण्डमा सुरक्षित हुन सक्छ र जलविद्युत् आयोजना वातावरणीय अध्ययनबाट पारित हुन सक्छ । तर एउटै नदीमा दर्जनौं संरचना थपिँदा तिनको संयुक्त जोखिम फरक हुन्छ । माथिल्लो जलाधारमा पहिरो आउँदा तलको सडक प्रभावित हुन्छ । असाधारण बहाव आउँदा पुल र जलविद्युत् संरचना प्रभावित हुन सक्छन् । छेउमा बाक्लो बस्ती छ भने प्राकृतिक घटना मानवीय विपत्तिमा बदलिन्छ । त्यसैले अब आयोजना-विशेष सुरक्षा होइन, 'एकीकृत नदी-प्रणाली सुरक्षा' नीतिको आधार हुनुपर्छ ।

जलविद्युत्मा यो प्रश्न अझ गम्भीर छ । नेपाललाई जलविद्युत् चाहिन्छ, तर "कति मेगावाट उत्पादन गर्ने?" मात्र होइन, "एउटा नदीले कति आयोजना सुरक्षित रूपमा धान्न सक्छ?" भन्ने प्रश्न पनि गर्नुपर्छ । भोटेकोशीमा विभिन्न आयोजनाहरू निर्माण, सञ्चालन र अध्ययनको क्रममा छन् । विद्युत् विकास विभागको अभिलेखमा भोटेकोशी-५ (४६ मेगावाट) र भोटेकोशी-५ क्यास्केड (९.९ मेगावाट) सम्बन्धी विवरण छन् । यसले देखाउँछ–नदीलाई ऊर्जा उत्पादनको स्रोत मात्र नभई त्यसको भूगोल, बहाव र सामाजिक संसर्गलाई पनि आयोजनाको 'वहन क्षमता' (क्यारिङ क्यापासिटी) को हिस्सा बनाउनुपर्छ ।

यही कुरा सडक र पुलमा पनि लागू हुन्छ । पुलले दुई किनार जोड्छ, सडकले यातायातसँगै भूमि मूल्य र व्यापार बढाएर बस्ती तान्छ । अर्थात् एउटा पूर्वाधार आफैँ अर्को पूर्वाधार र बस्ती विस्तारको चालक बन्यो । त्यसैले आयोजना मूल्याङ्कन गर्दा यसको प्रत्यक्ष प्रभाव मात्र होइन, 'प्रेरित विकास' (इन्ड्यूस्ड डेभलपमेन्ट) पनि हेर्नुपर्छ । आज बनाइएको पुलले १० वर्षपछि कस्तो बस्ती निर्माण गर्छ भन्ने प्रश्न योजनाको हिस्सा हुनुपर्छ ।

यहीँ राज्यको जिम्मेवारी स्पष्ट हुन्छ । आफ्नै जग्गामा घर बनाउने नागरिकलाई मात्र दोष दिन मिल्दैन । सडक, सरकारी कार्यालय र जलविद्युत् पुगेपछि बजार र बस्ती बढ्नु स्वाभाविक हो । राज्यले विकासको स्थान निर्धारण गर्छ भने त्यसको जोखिम व्यवस्थापनको जिम्मेवारी पनि राज्यकै हुन्छ । त्यसैले विपत्तिपछि उद्धार मात्र होइन, विपत्तिअघि जोखिमयुक्त बस्ती पहिचान गर्नु राज्यको दायित्व हो ।

यसको मूल्य हामीले पटक-पटक तिरेका छौं । २०८१ असोज १०-१२ को बाढी-पहिरोमा २४९ जनाको मृत्यु, १७८ घाइते र १८ जना बेपत्ता भए । ५,९९६ घर पूर्ण र १३,०४९ घर आंशिक क्षतिग्रस्त भए । कुल अनुमानित आर्थिक क्षति रु. ४६ अर्ब ६८ करोडभन्दा बढी थियो, जसमा भौतिक पूर्वाधारमा मात्रै करिब रु. ३८ अर्ब ९२ करोड क्षति भयो । यी तथ्याङ्कले विपद् व्यवस्थापन विकासको छुट्टै क्षेत्र नभई विकासको आर्थिक लागतसँग जोडिएको विषय हो भन्ने देखाउँछन् ।

सरकारी क्षति विवरणले सबै कुरा देखाउँदैन । घर गुमाएपछि परिवारको आय गुम्छ, व्यवसाय बन्द हुन्छ, बालबालिकाको पढाइ रोकिन्छ र मानिसहरू विस्थापित हुन्छन् । विपत्तिको वास्तविक सामाजिक मूल्य परिवारले वर्षौंसम्म तिर्छ । त्यसैले पूर्वाधार योजना बनाउँदा निर्माण लागत मात्र होइन, सम्भावित विपत्तिको सामाजिक र आर्थिक लागत पनि गणना गर्नुपर्छ । भोटेकोशीको घटनालाई यही व्यापक सन्दर्भमा हेर्नुपर्छ । यसको प्राकृतिक कारण जे भए पनि मानवीय परिणाम केवल प्रकृतिको निर्णय थिएन । जोखिमयुक्त नदी करिडोरमा मानिस र पूर्वाधारको केन्द्रीकरण पनि त्यसको पृष्ठभूमि हो । भोटेकोशीलाई 'प्राकृतिक विपत्ति' मात्र भन्नु प्राकृतिक खतरालाई मात्र हेर्नु र मानवीय सङ्कटासन्नतालाई नहेर्नु हो ।

यसका लागि अबका सुधारका प्रमुख कदमहरू निम्न हुनुपर्छ :

१. एकीकृत जोखिम नक्साङ्कन : प्रत्येक प्रमुख नदीको माथिल्लो जलाधारदेखि तल्लो बस्तीसम्म बाढी, पहिरो, नदी कटान र हिमताल विस्फोटको एकीकृत नक्सा बनाउने ।
२. सञ्चित जोखिम मूल्याङ्कन : एउटै नदीमा रहेका सडक, पुल, जलविद्युत् र बस्तीको संयुक्त जोखिम मूल्याङ्कन गर्ने ।
३. कडाइका साथ नियमन : अति जोखिमयुक्त क्षेत्रमा नयाँ बजार तथा बस्ती विस्तार रोक्ने ।
४. सुरक्षित पुनःव्यवस्थापन : अत्यधिक जोखिमयुक्त बस्तीका लागि सुरक्षित स्थानान्तरणको योजना बनाउने ।
५. मापदण्ड पुनरावलोकन : पूर्वाधारका डिजाइन मापदण्डहरूलाई जलवायु परिवर्तन र चरम घटनाको जोखिमअनुसार परिमार्जन गर्ने ।

सडक, जलविद्युत्, वातावरणीय मूल्याङ्कन, भू-उपयोग र विपद् व्यवस्थापन निकायहरूले एउटै जोखिम नक्साका आधारमा निर्णय गर्नुपर्छ । तब मात्र सुरक्षा विकासको मूल मापदण्ड बन्न सक्छ ।

भोटेकोशीले विकास रोक्न होइन, विकासको तरिका बदल्न भनेको हो । सडक, पुल, जलविद्युत्, बजार र बस्ती सबै चाहिन्छ; तर कहाँ, कति र कुन जोखिममा भन्ने प्रश्न केन्द्रमा हुनुपर्छ । 'पूर्वाधार पुग्यो कि पुगेन?' भन्दा 'पूर्वाधार कत्तिको सुरक्षित छ?' ठूलो प्रश्न हुनुपर्छ ।

अन्ततः भोटेकोशीको प्रश्न नेपालको विकास मोडलको प्रश्न हो । अबको विकासको सूत्र सरल हुनुपर्छ : पहिले जोखिम बुझ्ने, त्यसपछि विकास गर्ने । प्रकृतिलाई पराजित गरेर होइन, प्रकृतिको सीमा बुझेर मात्र सुरक्षित र दिगो विकास सम्भव छ ।

(लेखक गुरुङ समाजशास्त्री हुन् ।)

सामाजिक सद्भाव : एकताको सूत्र

संस्कृति

● रामकृष्ण बराल

बाह्य शक्तिहरूले बेलाबखतमा नेपाली समाजको सहिष्णुताको परीक्षा लिइरहेकै छन् । अस्थिर राजनीतिले पक्कै पनि यसलाई कमजोर बनाएकै हो । राजनीतिका द्रुत खेलाडीहरू कहिलेकाहीं समुदाय समुदायका बीचमा आफ्नो स्वार्थ पूरा गर्न हिजो पनि खेलेकै हुन् । त्यस्ता तत्त्व अहिले पनि सक्रिय रहिरहेकै छन् । तर, पनि हामी नेपालीको सुझबुझपूर्ण व्यवहारका कारण अहिलेसम्म छिटफुटबाहेक असफल हुँदै आएका छन् ।

नेपाली समाजमा विद्यमान सामाजिक सद्भाव अत्यन्तै बलियो, विश्वासिलो साथै गार्विलोसमेत छ । हामी भूगोलमा सानो छौं, तर हाम्रो भूगोलमा अटाएको जातीय सद्भाव र धार्मिक सांस्कृतिक सद्भावलाई विश्वले सकारात्मक रूपमा नियालिरहेको छ । नेपालको यो विविधतावीच अनेकतामा वर्षौंदेखि एकता छ । यो नै नेपालको मौलिक पहिचान हो भन्न कत्ति पनि हिच्किचाउनुपर्दैन ।

पछिल्ला केही दशकदेखि नेपालले परिवर्तनको गति बढाएको छ । यो जहानियाँ राणा शासनदेखि लोकतान्त्रिक गणतन्त्रको यात्रासम्म अनेकन आरोह/अवरोह चिर्दै अगाडि बढेको छ । बढको मात्र हैन, आगामी दिन पनि बढी नै रहनेछ । परिवर्तनले विभिन्न अवरोध पनि झेलिरहेको छ । हुन त समस्या हिजो पनि नआएका होइनन् । कहिले धर्मका नाममा त कहिले जातीय विभेदका रूपमा अझै पनि देशका कुनाकाप्चामा कतै न कतै, हाम्रा यी मुद्दाले टाउको उठाउने गरेकै छन् ।

वाह्य शक्तिहरूले पनि बेलाबखतमा हाम्रो समाजको परीक्षा लिइरहेकै छन् । तर, त्यो परीक्षामा पनि नेपाली समाजले देखाएको सद्भाव र सहिष्णुता अलौकिक छ । अस्थिर राजनीतिले पक्कै पनि यसलाई कमजोर बनाएकै हो । राजनीतिका द्रुत खेलाडीहरू कहिलेकाहीं समुदाय समुदायका बीचमा आफ्नो स्वार्थ पूरा गर्न हिजो पनि खेलेकै हुन् । त्यस्ता तत्त्व अहिले पनि सक्रिय रहिरहेकै छन् । तर, पनि हामी नेपालीको सुझबुझपूर्ण व्यवहारका कारण अहिलेसम्म छिटफुटबाहेक असफल हुँदै आएका छन् ।

यसरी हेर्दा हाम्रो स्वाभिमानको आधार भनेकै सामाजिक सद्भाव नै हो । यदि कुनै दिन हामी हाम्रो सामाजिक सद्भावबाट विचलित भयौं भने न यो देश रहला न त नेपाली भनेर हामी छाती फुलाएर दाबी गर्नै सकौंला । पछिल्लो कप्तानगन्ज घटनाले फेरि हाम्रो समाजमा रहेका ती तत्त्वलाई सतहमा खडा गर्न खोज्यो । सरकारी लापरवाहीका कारण केही नागरिकले जीवन गुमाउनुपऱ्यो । यस किसिमका घटना फेरि नदोहोरियून् भन्नका लागि सरकार सचेत रहनुपर्छ । तर विडम्बना, सरकारी सतर्कता पर्याप्त देखिन सकेको छैन ।

यस्ता घटना दोहोरिइरहनु र अवाञ्छित तत्त्वहरूले टाउको उठाउन खोजिरहनुका केही आधारभूमि पक्कै छन् । त्यसमध्ये हाम्रो अस्तित्वका केही खम्बा कमजोर बनाइनु पनि एउटा हो । अस्थिर राजनीति, भ्रष्टाचार, बेथिति, अथाहा सम्पत्ति आर्जन, समाजमा जेलिएको नातावाद, कृपावादले पनि यसमा मलजल गरिरहेका छन् । यसैका कारण हो कि हाम्रो विकासको गति पनि मन्द छ । आमनागरिक रोजगारीका लागि विश्व बजारमा भर पर्नुपरेको छ । निराशाको बादलले सिङ्गो मुलुक मडारिएको छ ।

तथापि हामीलाई एक सूत्रमा यदि कसैले बाँधेको छ भने त्यो हो- हाम्रो सामाजिक सद्भाव र सहिष्णुता । यो देश आज यति धेरै संक्रमणबाट गुज्रिरहँदा पनि खासै ठूला दुर्घटना नहुनुको कारण पनि नेपाली समाजमा विद्यमान सद्भाव नै हो । जसप्रति नेपालीमा गर्व छ । हाम्रो फरक भाषा र फरक संस्कृतिप्रति पनि नेपालीमा गर्व छ । एक-अर्काप्रतिको सांस्कृतिक परम्परा र धार्मिक आस्थाप्रति बिस्तारै हुन थालेको वाहिरी प्रहारबाट भने नेपाली समाज चनाखो हुन जरुरी छ ।

खासगरी पछिल्लोपटक सुनसरी, धनुषालगायत ठाउँमा भएका घटनाले यस्ता बाहिरी प्रहारको संकेत गरेका छन् । फेरि पनि नेपाली समाजको सहनशीलता, सहिष्णुता र सद्भावले नेपाल र नेपालीको एकतामा विचलन ल्याउने प्रयास असफल भएको छ । नेपालीबीचको एकता र सद्भाव हिजो थियो, आज छ र भोलि पनि रहनेछ । तथापि हालसाल देखिएका जातीय/धार्मिक आवरणका घटनाले भने सरकार, नागरिक समाज र सुरक्षा निकायहरू चनाखो बन्नुपर्ने अपरिहार्यता बढेको छ ।

यसरी नेपाली एकताको सूत्रका रूपमा कायम सामाजिक सद्भाव वृद्धिका लागि विभिन्न निकायको आ-आफ्नै विशिष्टखाले भूमिका छ । राजनीतिक दलहरूले आफ्ना कार्यकर्ता, शुभचिन्तक र आमजनतालाई सामाजिक सद्भावको मार्गमा डोहोऱ्याउन उल्लेखनीय भूमिका निर्वाह गर्न सक्छन् । उनीहरूका राजनीतिक दस्तावेज, भाषण र गतिविधि यसका लागि सहायक सिद्ध हुन सक्छन् । त्यति मात्र हैन, यसका नेताहरूको शैली, व्यवहार र आचरणले पनि सद्भाव फैलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ सक्छन् ।

नागरिक समाज सामाजिक सद्भाव वृद्धिका लागि अर्को महत्त्वपूर्ण निकाय हो । यिनीहरूले समाजमा गर्ने गतिविधि, जनतालाई प्रदान गर्ने सूचना, विकृतिविरुद्ध गर्ने खबरदारी र आफ्नै आचरण पनि सद्भाव खल्वल्याउन नदिने अचुक औषधि साबित हुन सक्छन् । नागरिक समाजको सम्पर्क र सम्बन्ध तल्लो तहसम्म छरिएकाले यिनीहरूका गतिविधि प्रभावकारी हुने सम्भावना बढी हुने गर्छ ।

सरकार सामाजिक सद्भाव कायम राख्ने मुख्य कर्ता हो । यसले अपनाउने सुशासन, गर्ने व्यवहार, कानुन पालनामा देखाउने अग्रसरता र शान्ति/अमनचयनमा देखाउने खरोपनले सामाजिक सद्भाव कायम राख्न निकै मद्दत गर्छ । आफ्ना सबै तह, वर्ग, लिंग, वर्ण, जाति र सम्प्रदायका जनतावीच पक्षपातविहीन व्यवहार, उत्तिकै स्नेहपूर्ण गतिविधि तथा समान दृष्टिकोणले समाजलाई सन्तुलनमा राख्न सघाउँछ । यति मात्र होइन, यस्तो सरकारी व्यवहारले आमजनतामा हाम्रो अभिभावक असल छ भन्ने सन्देश प्रवाह हुने भएकाले निराशा, विद्रोह र असन्तुष्टि स्वतः पाखा लाग्छन् । यस्तो अवस्थामा सामाजिक सद्भावले दीर्घायु प्राप्त गर्छ र हाम्रो नेपाली विशेषता जुगौंजुग कायम रहने निश्चित हुन्छ ।

नेपालमा विद्यमान विभिन्नखाले जातीय/धार्मिक/भौगोलिक आदि संगठनको भूमिका पनि सामाजिक सद्भाव कायम राख्न उत्तिकै जरुरी छ । यस्ता संगठनको सकारात्मक कदमले आफ्नो परिधिभित्रका मानिस/सदस्यलाई नकारात्मक हुनबाट जोगाउँछ । जसका कारण एकअर्काप्रति रिस, राग, द्वेष उत्पन्न हुनै पाउँदैन । कुनै पनि समस्यालाई नकारात्मक दृष्टिकोणबाट पनि हेर्ने नजर परिवर्तन हुन्छ । प्रत्येक समस्याको समाधान सम्भव छ भन्ने वातावरण सिर्जना हुन्छ र त्यस्ता समस्या रचनात्मक सोच र व्यवहारबाट हल गर्ने उपायहरू सिर्जना हुन्छन् । त्यसैले यस्ता संगठनले आफ्ना सदस्य/समर्थक/शुभेच्छुकलाई रचनात्मक र सकारात्मक भएर सोच्न मार्गदर्शन गर्न सक्ने भएकाले समाजमा सनातनदेखि कायम सामाजिक सद्भाव वृद्धि गर्न महत्त्वपूर्ण कदम चाल्न सक्छन् ।

(लेखक बराल मानव अधिकार तथा शान्ति समाजका निवर्तमान सभापति हुन् ।)

इतिहासको पाना

● सन्तोष खडेरी

विदेशी सहायता नलिइ जुद्धशमशेरले सम्हालेको १९९० सालको भुकम्प

वि.सं. १९९० माघ २ गते अपराह्न २:२४ बजे आएको ८.३ रेक्टर स्केलको महाभूकम्पले ८,५१९ नेपालीको ज्यान लियो भने काठमाडौंका ७० प्रतिशत घर, धरहरा, घण्टाघर र गद्दी बैठक ध्वस्त पार्यो। भूकम्प जाँदा तराईको बनवासामा सिकार शिविरमा रहेका श्री ३ जुद्धशमशेरले माघ ६ गते खबर पाउनासाथ उद्धारको बागडोर सम्हाले। उनले काठमाडौंमा रहेका कायममुकायम प्राइममिनिस्टर रुद्रशमशेरलाई तत्काल जाडोबाट जोगाउन छाप्रो हाल्न, खाद्यान्न पुऱ्याउन र महामारी फैलिन नदिने व्यवस्था मिलाउन कडा आदेश दिए।

सञ्चारका साधन टेलिफोन र रोपवे ठप्प भएको अवस्थामा पनि विचलित नभई जुद्धशमशेर काठमाडौं फर्के। उनले 'भूकम्प पीडितोद्धार कोष' खडा गरी व्यक्तिगत रकमसहित सर्वसाधारणलाई घर बनाउन बिनाब्याज ऋण उपलब्ध गराए। ढलेका धरहरा र घण्टाघरले नेपालीको मनोबल गिराएको थियो भने क्षतिग्रस्त गद्दी बैठकले विदेशीमाझ नेपाल कहिल्यै नउठ्ने सन्देश दिन्थ्यो। नागरिकमा मनोवैज्ञानिक ऊर्जा भर्न र विश्वलाई नेपाल उठेको देखाउन उनले राष्ट्रिय धरोहरको पुनर्निर्माणलाई प्राथमिकता दिए।

पब्लिक वर्क्स डिपार्टमेन्टका मुख्य इन्जिनियर कर्णेल डिल्लीजङ्ग थापाको नेतृत्वमा गद्दी बैठक आठ महिनामै र धरहरा तथा घण्टाघर डेढ वर्षभित्रै ठडिए। यही अवसरमा भत्किएका साँघुरा गल्लीहरूलाई फराकिलो बनाएर 'न्यूरोड' (जुद्ध सडक) को आधुनिक नगर योजना पनि कोरियो।

एक रुपैयाँ पनि विदेशी सहायता नलिई पूर्ण रूपमा आन्तरिक स्रोत, आफ्नै सेना र नागरिकको हातेमालोबाट यो महाविपद्को सामना गरिएको थियो। राष्ट्रिय सङ्टलाई सुशासन र पुनरुत्थानको अवसरमा बदलेर जुद्धशमशेरले ईतिहासमा आफूलाई कुशल प्रशासक सिद्ध गरे। नब्बे सालको यो घटनाले विपत्ति जतिसुकै भयावह भए पनि आन्तरिक अदम्य साहस र एकीकृत प्रयासले देश पुनः उभिन सक्छ भन्ने कालजयी ऐतिहासिक पाठ दिन्छ।

नेपाल 'ए' अन्तिम खेलमा पनि पराजित

काठमाडौं/मस– अस्ट्रेलियामा जारी टप इन्ड टी-२० सिरिजमा नेपाल 'ए'ले आफ्नो अन्तिम खेलमा भिक्टोरिया क्रिकेट एकेडेमीविरुद्ध रोमाञ्चक हार व्यहोरेको छ । कुशल भुर्तेलको सानदार ब्याटिङ र बलिङ प्रदर्शनका बाबजुद नेपाल 'ए' शनिबार भिक्टोरियासँग १ विकेटले पराजित भएको हो ।

नेपालले प्रस्तुत गरेको १४३ रनको लक्ष्य भिक्टोरिया क्रिकेट एकेडेमीले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै पूरा गऱ्यो । अन्तिम ओभरसम्म पुगेको खेलमा भिक्टोरियाले नेपाललाई स्तब्ध पार्दै प्रतियोगिताको आफ्नो अभियान टुंग्यायो । योसँगै नेपाल 'ए'ले टप इन्ड टी-२० सिरिजमा ६ खेलबाट २ जित र ४ हारसहित प्रतियोगिता समाप्त गरेको छ। नेपाल 'ए' सातौं स्थानमा रह्यो । अन्तिम खेलअघि नै नेपाल प्रतियोगिताको उपाधि होडबाट बाहिरिइसकेको थियो ।

नेपालको हारका बाबजुद कुशल भुर्तेलले भने व्यक्तिगत रूपमा उत्कृष्ट प्रदर्शन गरे । उनले ब्याटिङतर्फ ९० रनको अविजित इनिङ खेल्नुका साथै बलिङमा पनि ३ विकेट लिए ।

ओपनिङ ब्याटरका रूपमा क्रिजमा आएका कुशलले ५५/५६ बलमा ९० रन बनाए। उनले आफ्नो इनिङमा ५ चौका र ६ छक्का प्रहार गरे । नेपालको कुल स्कोरको ठूलो हिस्सा एक्लैले बनाएका कुशलले अन्तिमसम्म क्रिजमा रहेर टोलीलाई प्रतिस्पर्धात्मक योगफलतर्फ पुऱ्याएका थिए ।

जारी प्रतियोगितामा कुशलको यो लगातार तेस्रो अर्धशतकीय इनिङ हो । प्रतियोगिताको पहिलो खेलमा भने उनी खाता नखोल्दै आउट भएका थिए । तर त्यसपछि उनले निरन्तर उत्कृष्ट प्रदर्शन गर्दै प्रतियोगितामा नेपालको सबैभन्दा प्रभावशाली ब्याटरका रूपमा आफूलाई स्थापित गरे ।

भिक्टोरियाविरुद्धको ९० रनसँगै कुशलले टप इन्ड टी-२० मा ६ इनिङबाट आफ्नो व्यक्तिगत रन संख्या ३०२ पुऱ्याएका छन्। यससँगै उनी प्रतियोगितामा सर्वाधिक रन बनाउने खेलाडीसमेत बनेका छन्।

बलिङमा पनि कुशलले प्रभाव छाडे । उनले ४ ओभर बलिङ गर्दै १७ रन खर्चेर ३ विकेट लिए। उनको किफायती बलिङका कारण भिक्टोरियामाथि नेपालले दबाब सिर्जना गरेको थियो ।

नेपालका लागि युवराज खत्रीले पनि ४ ओभरमा २० रन खर्चेर ३ विकेट लिए । आकाश चन्दले थप एक विकेट लिए। १४३ रनको लक्ष्य पछ्याएको भिक्टोरियाको सुरुवात भने सहज रहेन । नेपाली बलरहरूले नियमित अन्तरालमा विकेट लिएपछि एक समय भिक्टोरिया दबाबमा परेको थियो ।

भिक्टोरियाका लागि टम रोजर्सले आक्रामक ब्याटिङ गर्दै २१ बलमा ३६ रन बनाए । उनले ४ चौका र १ छक्का प्रहार गरे ।

त्यस्तै ह्यारी डिक्सनले १६ बलमा ३० रन बनाएर टोलीको रनगतिलाई तीव्र बनाए । साम इलियटले २३ बलमा १६ रन जोडे।

तर भिक्टोरियाको जितमा ह्यारी होएक्स्ट्राको भूमिका निर्णायक बन्यो । उनले २६ बलमा अविजित ३५ रन बनाएर टोलीलाई लक्ष्यसम्म पुऱ्याए । दबाबपूर्ण अवस्थामा क्रिजमा टिकेर उनले भिक्टोरियाको जित सुनिश्चित गरे ।

नेपालले नियमित अन्तरालमा विकेट लिए पनि अन्तिमसम्म आवश्यक रनरेट कायम राख्न नसक्दा भिक्टोरियाले एक विकेट बाँकी रहँदै लक्ष्य पूरा गऱ्यो ।

त्यसअघि टस जितेर नेपाल 'ए'ले पहिले ब्याटिङ गर्ने निर्णय गरेको थियो । तर कुशल भुर्तेलबाहेक अन्य ब्याटरले उल्लेख्य योगदान दिन नसक्दा नेपालले २० ओभरमा ८ विकेट गुमाएर १४२ रनमा सीमित हुनुपऱ्यो ।

नेपालको सुरुवातदेखि नै विकेट पतनको क्रम देखिएको थियो । एकपछि अर्को ब्याटर आउट भइरहँदा कुशलले भने एक छेउ सम्हाल्दै आक्रामक ब्याटिङ जारी राखे। उनले ५५/५६ बलमा ९० रनको अविजित इनिङ खेले । उनको इनिङमा ५ चौका र ६ छक्का समावेश थियो ।

कुशलले लगातार आक्रमण गर्दै नेपालको रनगति बढाए पनि अर्को छेउबाट अपेक्षित साथ पाउन सकेनन् । दीपक डुम्रेले १९ बलमा १६ रन बनाएर केही समय कुशललाई साथ दिए ।

नारायण जोशीले ५ बलमा ७ रन बनाउँदै अविजित रहे । पवन सर्राफले ८ बलमा ५, लोकेश बमले १५ बलमा ५, कुशल मल्लले १२ बलमा ३, मयान यादवले ४ बलमा ३ तथा अनिल शाहले ३ बलमा २ रन बनाए। अतिरिक्तबाट नेपालले ११ रन प्राप्त गरेको थियो। भिक्टोरियाका कलुम स्टो र ह्यारी होएक्स्ट्राले २-२ विकेट लिए ।

टप इन्ड टी-२० सिरिजमा नेपाल 'ए'को यात्रा मिश्रित प्रदर्शनमा टुंगिएको छ । ६ खेल खेलेको नेपालले २ खेलमा जित निकाल्दा ४ खेलमा पराजय भोग्यो ।

नेपालले प्रतियोगिताको पहिलो खेलमा नर्दन टेरिटोरी स्ट्राइकलाई ८ विकेटले पराजित गरेको थियो । त्यस खेलबाट विजयी सुरुवात गरेको नेपालले त्यसपछि भने लगातार दुई खेलमा हार व्यहोरेको थियो । दोस्रो खेलमा बंगलादेश हाइपरफर्मेन्स-११ विरुद्ध नेपाल ९ विकेटले पराजित भयो। त्यसपछि तेस्रो खेलमा होबार्ट हरिकेन्स एकेडेमीलाई ३९ रनले हराउँदै नेपालले प्रतियोगितामा दोस्रो जित निकालेको थियो ।

चौथो खेलमा अस्ट्रेलियन क्यापिटल टेरिटोरी (एसिटी)लाई ४ विकेटले पराजित गरेपछि नेपालले राम्रो लय समातेको संकेत गरेको थियो । तर पाँचौं खेलमा हैदरावाद किङ्समेन एकेडेमीविरुद्ध ३१ रनले पराजित भयो । अन्तिम खेलमा भिक्टोरिया एकेडेमीसँग १ विकेटको हार व्यहोरेसँगै नेपाल 'ए' को प्रतियोगिता अभियान समाप्त भएको हो ।

एभिएमका प्रजित र वियंका च्याम्पियन

काठमाडौं/मस– प्रजिल भट्टराई र वियंका राईले १३औं पूर्णमान बज्राचार्य खुला टेबलटेनिस प्रतियोगितामा शनिबार स्वर्ण जितेका छन् । एभिएमकाद्वय प्रजिल पुरुष तथा वियंका महिला खुला सिंगल्समा च्याम्पियन बने ।

पुरुषको फाइनलमा प्रजिलले नेपाल प्रहरीका एलेक्स महर्जनलाई ११-६, ११-८ र ११-८ को सोझो सेटमा पराजित गरे । महिलाको उपाधि भिडन्तमा वियंकाले भोर्टेक्सकी दीक्षा दाहाललाई सिधा सेटमा ११-७, ११-८ र १२-१० ले हराइन् ।

प्रतियोगिताअन्तर्गत स्कुल र कलेज दुवैमा टिम एभिएम च्याम्पियन बन्यो । विजेतालाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

Invitation for Bids

Manavsewa Ashram

(Non –Government organization)

Invitation for Bids No: MSA/NCB/W/04/2083/84

Date of publication: 14/05/2083

1. **Manavsewa Ashram** invites sealed bids from Nepalese eligible bidders for the construction of **Boundary Wall and Recreational Hall** under National Competitive Bidding procedures. The estimated amount for the works is **NRs. 61,14,052.69** (without VAT & Contingency but including PS).
2. Eligible Bidders may obtain further information on the Bidding Documents at the office of **Manavsewa Ashram, Bhalwari, Tilottama or Manavsewa Ashram Raniban, Nagarjun.**
3. A complete set of Bidding Documents may be purchased from the office **Manavsewa Ashram, Bhalwari, Tilottama.** and the office **Manavsewa Ashram Raniban, Nagarjun** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **Nrs. 1000** till **14/06/2083** till 1:00 PM in the account as specified below.
   Name of the Bank: NMB Bank
   Account Name: MANAVSEWA ASHRAM – PROCUREMENT DEPARTMENT
   Bank Address: Hetauda, Makawanpur
   Account Number: 0900076447800027
4. Sealed bids must be submitted to the office **Manavsewa Ashram, Bhalwari, Tilottama or Manavsewa Ashram Raniban, Nagarjun** by hand before **5:00 PM** on **14/06/2083**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **3:00 PM 15/06/2083** at the office of **Manavsewa Ashram Raniban, Nagarjun.** Bids must be valid for a period of 90 Days from the bid submission deadline and must be accompanied by a bid security, amounting to a minimum of **Nrs. 1,52,852.00**, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 10/10/2083)
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Manavsewa Ashram reserves the right to accept or reject any proposal and also serves the right to award the contract either partially or fully.
9. The proposed work must be completed within the agreed time at the same quoted rate with no price escalation allowed.

Contract ID:	Project Name	Estimated Amount Without VAT and contingency but Including PS	Bid Document fee (Non Refundable)	Bid Security Amount
MSA/NCB/W/04/2083/84	Construction of Boundary Wall and Recreational Hall at Manavsewa Ashram Tilottama	NRs. 61,14,052.69	Nrs. 1000	Nrs. 1,52,852.00

For Bid Submission Purpose only, the Employer's Address is:
Attention: Chief Administrative Officer
Manavsewa Ashram, Nagarjun, Kathmandu
Contact No: 9855076089, 9855076023, 9855076031, 9855076011

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०१/२३ मा दर्ता भएको **प्रा.लि. नं. १८८३२५** को **रिगल बिजनेश प्रा.लि.**को मिति २०८३/०५/०९ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
लिक्विडेटरः लावण्य राज कार्की, इजाजतपत्र नं. ६६२
ठेगानाः काठमाडौं म.न.पा-२८, काठमाडौं, फोन नं. ९८५११५०२३७

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०५/०६ मा दर्ता भएको **प्रा. लि. नं. १७३६८७** को श्री **पाली इन्टरप्राईजेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०८/२० मा दर्ता भएको **दर्ता नं. ८८५०१** को **न्युवि निर्मल्स सप्लायर्स प्रा. लि.** को मिति २०८३/०५/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
लिक्विडेटरः नीलकण्ठ पोखरेल,
इजाजत पत्र नं. ५१२, ठेगाना : त्रिपुरेश्वर काठमाडौं,
फोन नं. ९८५१००६०४६

युएई र कतारमा रोजगार

कम्पनी : **AL MAWARID ALTHAKI RECRUITMENT COMPANY** — शहरः **UAE, DUBAI**
पूर्व स्वीकृत मितिः २०८२/१०/०७ — चलानी नं.: ६०२५०९३४ — L.T. No.: 337033 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Bricklayer/ Mason	15	0	सम्बन्धित काममा दक्ष	1500	६२,२०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Electrician.	15	0		1500	६२,२०५							
3.	Labour	120	0		1000	४१,४७०							
4.	Steel Fixer/barbender	15	0		1500	६२,२०५							
5.	Welder (Tig/mig/spot)	5	0		1500	६२,२०५							

कम्पनी : **NITCO SCAFFOLDING LLC** — शहरः **UAE**
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ — चलानी नं.: ६०२४५०२३ — L.T. No.: 331227 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	scaffolders	30	0	स. काममा दक्ष	1500	६२,२०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनीः **WELL CERTIFIED SCAFFOLDING LLC** — शहरः **DUBAI**
पूर्व स्वीकृत मितिः २०८२/११/१७ — चलानी नं.: ६०२५३१८८ — L.T. No.: 339445 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scafolder	35	0	स. काममा दक्ष	1500	२६,२०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : **WORKERS VILLAGE REAL ESTATE L.L.C** — शहरः **UAE, DUBAI**
पूर्व स्वीकृत मितिः २०८३/०१/३० — चलानी नं.: ६०२५५३५९ — L.T. No.: 341882 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	100	0	स. काममा दक्ष	1000	४१,४७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : **CALL V SERV SERVICES** — शहरः **QATAR,DOHA**
पूर्व स्वीकृत मितिः २०८२/०६/१३ — चलानी नं.: ६०२४५१५५ — L.T. No.: 331322 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	0	4	स. काममा दक्ष	1400	५८,४९२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २१ गते (6 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

High Quality Overseas Pvt.Ltd.
License No.: 1269/074/75
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168 | 9815127328 (Dilip Ranabhat),
Email: hiqualitynepal@gmail.com

युएईमा रोजगार

कम्पनीः **GENFOCUS ELECTROMECHANICAL CONTRACTING LLC OPC** — शहरः **UAE**
पूर्व स्वीकृत मितिः २०८२/०५/०८ — L.T. No.: 346925

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Asian/continental Cook	2	0	सम्बन्धित कामको दक्ष	2000	८३,९३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Assistant Helper/General Worker Ordinary Labour	10	0		1000	४१,९६०							
3.	Building Construction Electricians	2	0		1500	६२,९४५							
4.	Building Mason	2	0		1500	६२,९४५							
5.	Carpenter	2	0		1500	६२,९४५							
6.	Food Server/waiter/waitress	2	0		1500	६२,९४५							
7.	Steel Fixing Worker	1	0		1500	६२,९४५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २१ गते (6 September 2026) मा हुनेछ ।

अल- सहेली म्यानपावर प्रा. लि.
alsahelimanpower2010@gmail.com

शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

शून्य लागत भर्ती: यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ। भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खाना र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रूपमा रोजगारदाताले बहन गर्नेछ । उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन ।
Zero Cost Recruitment: This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund, social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

PRENT THERMOFORMING

रोजगारदाता कम्पनी - प्रेन्ट (मलेसिया) एसडिएन. बिएचडी
Employer Company - Prent (Malaysia) Sdn. Bhd.
ठेगाना - जोहोर, मलेसिया. — Address - Johor, Malaysia
फोन - +६०७ ५९९ ७६६१/२ — Phone - +607 599 7661/2
फ्याक्स - +६०७ ५९९ ७६६० — Fax - +607 599 7660

कम्पनीको बारेमा - प्रेन्ट (मलेसिया) एसडिएन. बिएचडी. जोहोरमा अवस्थित एक अग्रणी उत्पादक कम्पनी हो, जसले विश्वव्यापी स्वास्थ्य सेवा र इलेक्ट्रोनिक्स क्षेत्रका लागि अत्याधुनिक (क्लिनरुम) सुविधाहरू मार्फत उच्च गुणस्तरको मेडिकल थर्मोफर्म्ड प्याकेजिङ निर्माण गर्दछ ।
About Company - Prent (Malaysia) Sdn. Bhd. is a leading manufacturer of precision medical thermoformed packaging that operates advanced cleanroom facilities in Johor to serve the global healthcare and electronics sectors.

पूर्व स्वीकृत मिति - २०८२/१२/१९ Pre-approval Date - 2026/04/02	लट नम्बर - ३४०३४३ LT No. - 340343	चलानी नम्बर - ६०२५३७७८ Invoice No. - 60253778	पुन: विज्ञापन Re-advertisement

कामदारको पद Worker's Position	माग संख्या No. of Demand पुरुष Male	माग संख्या No. of Demand महिला Female	न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब Monthly Salary आर एम RM	मासिक तलब Monthly Salary ने. रू. NRP	ओभरटाईम Overtime	प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day	हप्तामा काम गर्ने दिन Working Days/Week	खाना सुविधा Food Facility	बस्ने सुविधा Accomm-odation Facility	करार अवधी Contract Period
सामान्य कामदार General Worker	२ 2	० 0	अंग्रेजीमा पढ्न र लेख्न दक्ष Able to Read & Write English	१७०० 1700	६२,९०० 62,900	कम्पनीको नियम अनुसार As Per Company Rule	७.५ घण्टा 7.5 Hours	६ दिन 6 Days	छैन No	छ Yes	२ वर्ष 2 years

पासपोर्ट खर्च Passport Expenses	मेडिकल जाँच शुल्क Medical Examination Fee	भिसा शुल्क Visa Fee	फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure	अभिमुखीकरण Orientation	नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia	कल्याणकारी कोष Welfare Fund	सामाजिक सुरक्षा कोष Social Security Fund	हवाई टिकट खर्च Air Ticket Expenses	संस्थाको सेवा शुल्क Agency Service Charge
रोजगार-दाताले ब्योहोर्ने By the employer	रोजगार-दाताले ब्योहोर्ने By the employer	रोजगार-दाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगार-दाताले ब्योहोर्ने By the employer	रोजगार-दाताले ब्योहोर्ने By the employer	रोजगार-दाताले ब्योहोर्ने By the employer	

महत्त्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ। इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं। Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/ प्रकृतिः सामान्य कामदार /उच्चस्तरीय (क्लिनरुम) वातावरणभित्र मेडिकल र इलेक्ट्रोनिक्स उद्योगहरूका लागि गुणस्तरीय (थर्मोफर्म्ड) प्लास्टिक प्याकेजिङको उत्पादन।
  Scope / Nature of Job: General worker / Manufacturing precision thermoformed plastic packaging for the medical and electronics industries within high-standard cleanroom environments.
- बिदाको हकः Leave Entitlement:

सेवाको अवधि Year of Service	बार्षिक बिदा Annual Leave	बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year)	सार्वजनिक बिदा Public Holiday	अस्पताल भर्ना बिदा Hospitalization Leave
२ वर्ष भन्दा कम Less than 2 Years	८ दिन 8 days	१४ दिन / 14 Days	११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia)	६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year)
२–५ वर्ष 2-5 Years	१२ दिन 12 days	१८ दिन / 18 Days		
५ वर्ष भन्दा बढी More than 5 years	१६ दिन 16 Days	२२ दिन / 22 Days		

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ। Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
- नेपालमा हस्ताक्षर गरिएको रोजगार सम्झौता कामदारको हित तथा सुविधामा सुधार हुने अवस्थामा बाहेक कामदार गन्तव्य देशमा पुगेपछि पनि परिवर्तन हुने छैन। The employment contract signed in Nepal shall remain unchanged after the worker's arrival in the destination country, except where amendments are made solely for the worker's betterment.
- आवेदकहरुले कानुनले तोकेको अवस्थामा भन्दा बाहेक आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात टाइटानिक वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नु पर्ने छैन। Applicants are not required to deposit their personal identity documents to Titanic or anyone else unless required by law.
- कामदारहरूलाई स्वतन्त्र रुपमा संगठित हुने र सामुहिक हकहितका लागि कानुनले अनुमति दिए बमोजिम भेला हुने अधिकार छ। Workers have the right to freely associate and bargain collectively, where permitted by law.
- कानूनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन। No deductions will be made from the worker's salary after placement, except as required by law.
- करार अवधि समाप्ती पश्चात वा उचित अवधिको सूचना दिइ करार अगावै रोजगारी समाप्त गरेमा स्वदेश फिर्ता हुँदा बसोबास भएको स्थान सम्म लाग्ने यातायात तथा निर्बाह खर्च (खाना र बस्न समेत) रोजगारदाताले बहन गर्नेछ। Upon completion of the employment contract, or in case of early termination with adequate notice, return transportation to the worker's habitual residence, including in-transit lodging, will be provided by the employer.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले टाइटानिक म्यानपावर सप्लायर प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मुल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ। To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuable items, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Titanic Manpower Supplier Pvt. Ltd., its employees, or any other person or organization.
- यदि कामदारद्वारा भर्ती प्रक्रियाको क्रममा कुनै रकम खर्च गरिएको छ भने, रोजगारदाताको तर्फबाट टाइटानिकले प्रस्थान अघि पूर्ण रूपमा फिर्ता गर्नेछ। If a worker incurs any recruitment-related expenses, Titanic will reimburse the full amount on behalf of the employer, before departure.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन। This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौं। तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं। We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि यस संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ जहाँ आवेदकहरूलाई कामको प्रकृति, ज्याला र लाभहरू तथा काम सम्बन्धी सम्पूर्ण विवरणहरूको बारेमा जानकारी दिइन्छ। Any applicant willing to apply for this job must attend a pre-recruitment orientation to receive information including but not limited to the nature of job, wages, benefit, and other relevant details before submitting the application.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ। तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहीं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ। All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- टाइटानिक रोजगारीको समान अवसर सिद्धान्तमा प्रतिबद्ध छ। यस संस्थाको नीतिले कुनै पनि उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता, चिकित्सकिय इतिहास, वैवाहिक स्थिति वा अन्य कुनै कुरालाई आधार नबनाई सबैलाई समान अवसर प्रदान गर्दछ। आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको सीप, क्षमता र योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ। TITANIC is committed to the principles of equal employment opportunity for all, regardless of age, gender, race, religion, politcal affiliation, geographical location, different ability, medical history, marital status or any other basis. The applicants are selected for the employment solely based on their skills, abilities and qualifications rather than personal characterisctics.

टाइटानिकको गुनासो दर्ता माध्यम / Titanic Grievance Reporting Channel
यदि तपाईंसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउन हुन अनुरोध गर्दछौं। तपाईंले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन्। If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
+९७७-९८०१००४३४५ / +977-9801004345 — grievance@titanicmanpower.com

प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - 0३, काठमाडौंमा २०८३ भदौ १५ गते हुनेछ।
Pre Interview will be held on 31 August 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.
फाइनल अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - 0३, काठमाडौंमा २०८३ भदौ २१ गते हुनेछ।
Final Interview will be held on 6 September 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः– १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला। Information provided by the Department of Foreign Employment (DOFE):- 1. Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4. Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6. While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement. Please contact Department of Foreign Employment (DOFE), Tahachal.

TITANIC Ethical Recruitment Agency Since 2002 — Celebrating 24 years — TFHI - OTL Certified Recruitment Agency — ISO 9001:2015 Certified Recruitment Agency

टाइटानिक म्यानपावर सप्लायर प्रा. लि. (Titanic Manpower Supplier Pvt. Ltd.)
इजाजतपत्र नं: २८५/०५८/०५९ (Licence No. 285/058/059)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
आधिकारिक सम्पर्क व्यक्तिः शिशिर पौड्याल (Offical Contact Person : Shishir Poudyal)
सम्पर्क नम्बरः +९७७-९७१-२०६५५३८ (Contact Number : +977-971-2065538)
www.titanicmanpower.com — recruitment@titanicmanpower.com
Titanic Manpower Supplier — www.tiktok.com/@titanic.manpower
"An Ethical Recruitment Agency Where Integrity Matters"

हेलिकप्टरबाट उद्धार तथा राहत सामग्री ढुवानी

भोटेकोशी- त्रिशूली नदीमा आएको बाढीले क्षति पुऱ्याएको नुवाकोटको त्रिशूली बजारमा र बजारबाट बाढी प्रभावित क्षेत्रमा उद्धार तथा राहत सामग्री हेलिकप्टरमार्फत ढुवानी गरिँदै ।

तस्बिर : प्रदीपराज वन्त/रासस

बाढी प्रभावित विद्युत् आयोजनाबाट अझै ८९८ जना सम्पर्कविहीन

मध्यान्ह संवाददाता
काठमाडौं, १३ भदौ

भोटेकोसी बाढीबाट क्षतिग्रस्त भएका विद्युत् आयोजनाहरुबाट अझै ८ सय ९८ व्यक्ति सम्पर्कविहीन रहेका छन् । रसुवा र नुवाकोटमा बाढीले क्षति पुऱ्याएका ९ वटा आयोजनाबाट ८ सय ९८ जना सम्पर्कविहीन भएका हुन् । सबै भन्दा धेरै रसुवाको माथिल्लो त्रिशूली १ मा ५ सय ७६ व्यक्ति सम्पर्कविहीनको भएका छन् । माथिल्लो त्रिशूली ३ 'ए' मा ४२ र माथिल्लो त्रिशूली ३ 'बी' मा १ सय २२ जना सम्पर्कविहीन छन् । यस्तै रसुवागढी जलविद्युत आयोजनाबाट ९३, रसुवा-भोटेकोसी आयोजनाबाट ४, लाडटाङ खोलाबाट ४२, चिलिमेबाट ८ र मेलुङ खोलामा ७ व्यक्ति बाढीपछि सम्पर्कविहीन रहेको इप्पानले जनाएको छ । यस्तै, नुवाकोटको त्रिशूली जलविद्युत्, देवीघाट जलविद्युत् आयोजनाबाट

१/१ जना र मिडल त्रिशूली गंगाबाट २ जना सम्पर्कविहीन छन् । अहिलेसम्म त्रिशूली १ बाट २५४ को उद्धार भएको जनाएको छ । यस्तै लाडटाङबाट १८ जना त्रिशूली ३ बी आयोजनाबाट ९१ जनागरी ३ सय ६१ जनाको जीवितै उद्धार गरिएको इप्पानले जनाएको छ ।

भोटेकोशी बाढीपीडितलाई आरती भोगको सहयोग

काठमाडौं/मस– रसुवाको भोटेकोशीमा आएको भयानक बाढीबाट पीडितहरूको सहयोगका लागि आरती भोग परिवारले १ लाख २१ हजार ६ सय रुपैयाँ सहयोग गरेको छ । शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा आउने बिरामी तथा कुरुवालाई निरन्तर निःशुल्क भोजन गराउँदै आएको परिवारले प्रधानमन्त्री दैवी उद्धार राहत कोषमा उक्त रकम जम्मा गरेको हो । त्यसका अतिरिक्त विपत्तिका कारणले समस्यामा रहेकाहरूलाई खानाको प्रबन्ध गरिएको संस्थाका महासचिव मोहनकुमार ढुंगेलले जानकारी दिए । बाढीपीडितहरूका लागि भविष्यमा पनि निरन्तर सहयोगको आवश्यकता पर्ने हुनाले त्यसका लागि पनि तयारीमा लागेको उनले बताए । मुटुको रोग उपचारका लागि शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा आउने गरिब तथा असहाय बिरामी र कुरुवाहरूका लागि निःशुल्क भोजन गराउने उद्देश्यसहित डा.बिनुबाबा अर्यालको अग्रसरतामा उक्त संस्था गतवर्ष मंसिर ३० गते स्थापना गरिएको हो । उक्त संस्थाले गतवर्ष ७३ हजार जनालाई निःशुल्क भोजन गराएको थियो । संस्थाका महासचिव ढुंगेलले अन्नदान नै भगवानको परम सेवा हो भन्ने मान्यताका आधारमा मन फराकिलो पारेर पुण्य प्राप्तिको काम गरिरहेको बताए । निजी चन्दादाताबाट प्राप्त सहयोगका आधारमा सञ्चालन भइरहेको उक्त संस्थाले मावन परोपकारी कार्यलाई सकेसम्म मुलुकका दूरदराजका साधन र स्रोतको अभाव झेलिरहेका अस्पतालसम्म पुऱ्याउने लक्ष्य रहेको बताएको छ । महासचिव ढुंगेलले खाना खानेको संख्या दैनिक बढेको र खाद्यान्नको निरन्तर मूल्यवृद्धि भएकाले चुनौती थपिएको बताए ।

ग्यास उद्योग संघद्वारा बाढीपीडितका लागि १२ सय बढी सिलिन्डर सहयोग

काठमाडौं/मस– नेपाल एलपी ग्यास उद्योग संघले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकका लागि १ हजार २५० थान भरिएका एलपी ग्यास सिलिन्डर उपलब्ध गराउने घोषणा गरेको छ ।

संघले रसुवा, नुवाकोट, धादिङ र गोरखा लगायतका जिल्लामा बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै साथै प्रभावित नागरिकको राहत र पुनर्स्थापनामा सहयोग पुर्याउने उद्देश्यले नेपाल आयल निगममार्फत लक्षित वर्गलाई ग्यास सिलिन्डर उपलब्ध गराउने प्रतिबद्धता जनाएको हो । प्राकृतिक विपद्मा परी ज्यान गुमाएका नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरिएको छ ।

साथै घाइतेहरूको शीघ्र उपचारको व्यवस्था गर्न र बेपत्ता व्यक्तिहरूको खोजी कार्यलाई तीव्र बनाउन सबै पक्षसँग अपिल गरिएको छ । संघले विपद् कुनै एक व्यक्ति वा संस्थाको मात्र समस्या नभई सबैको साझा जिम्मेवारी भएको उल्लेख गर्दै कठिन परिस्थितिमा प्रभावित नागरिकको तत्काल आवश्यकतालाई सम्बोधन गर्न ग्यास सहयोग गर्ने निर्णय गरिएको जनाएको छ । नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष दिवानबहादुर चन्दले बाढी प्रभावित परिवारसम्म राहत सामग्री छिटो र प्रभावकारी रूपमा पुऱ्याउन संघ प्रतिबद्ध रहेको बताएका छन् ।

आइएमई ग्रुपद्वारा भोटेकोशी बाढी प्रभावितको सहयोगार्थ १० करोड सहयोग

काठमाडौं/मस– आइएमई ग्रुपले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण प्रभावित नागरिकको खोज, उद्धार, तत्काल राहत तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १० करोड रुपैयाँबराबर सहयोग प्रदान गर्ने भएको छ ।आइएमई ग्रुप तथा ग्रुपले प्रवर्धन गरेका कम्पनीहरु ग्लोबल आइएमई बैंक, आइएमई लिमिटेड, आइएमई लाइफ इन्स्योरेन्स, आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स, चन्द्रागिरि हिल्स, डिसहोम, आइएमई मोटर्स एवम् साझेदार कम्पनी अशोक लिलेन्ड, आइएमई खल्ती, स्विफ्ट टेक्नोलोजी, मिदास हेल्थ, माइमार्ट, लुम्बिनी केवलकार, आइएमई फाउन्डेसनलगायतका अन्य कम्पनीमार्फत सहयोग उपलब्ध हुनेछ ।त्यस्तै, आइएमई ग्रुपअन्तर्गतका कम्पनीहरुमा कार्यरत कर्मचारीहरुको तर्फबाट समेत एक दिनको तलबबराबरको रकम उपलब्ध गराउने ग्रुपले जनाएको छ । यसैगरी आइएमइले संसारभरबाट सहयोग रकम नेपाल पठाउन निःशुल्क रेमिट्यान्स सुविधा उपलब्ध गराएको छ भने खल्ती वाइ आइएमई मोवाइल वालेटमार्फत समेत सरकारको कोषमा सिधै रकम निःशुल्क जम्मा गर्न सकिने व्यवस्था मिलाएको छ । साथै, आइएमई फाउन्डेसनको समन्वयमा थप राहत तथा जिन्सी सहयोग उपलब्ध गराउने प्रतिबद्धतासमेत गरेको छ ।आइएमई ग्रुपले अकल्पनीय विपदमा बेपत्ताहरूको खोजी, घाइतेहरूको उपचार, प्रभावितहरूका लागि खाद्यान्न र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त सहयोग उपलब्ध गराउन लागेको जनाएको छ । साथै विनाशकारी बाढीमा परी ज्यान गुमाएका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै यस संवेदनशील समयमा उद्धार, राहत तथा पुनर्स्थापना

IME group
pioneering spirit

कार्यमा अहोरात्र खटिनुभएका सुरक्षाकर्मी, स्वयंसेवक, स्थानीय समुदाय तथा सम्बन्धित निकायहरूप्रति हार्दिक कृतज्ञता समेत व्यक्त गरेको छ । यसअघि पनि देशका विभिन्न भूभागमा आएका भीषण बाढी, पहिरो, डुबान, भूकम्प तथा महामारीजस्ता विपद्का समयमा आइएमई ग्रुपले अग्रपंक्तिमा रहेर आर्थिक, भौतिक तथा मानवीय सहायता निरन्तर उपलब्ध गराउँदै आएको छ ।

बाढीपीडितका लागि प्राइम कमर्सियल बैंकद्वारा ३ करोड १ लाख रुपैयाँ सहयोग

काठमाडौं/मस– भोटेकोसी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवालगायतका क्षेत्रमा भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै प्राइम कमर्सियल बैंक लिमिटेडले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३ करोड १ लाख रुपैयाँ आर्थिक सहयोग र ७ लाख रुपैयाँ बराबरको खाद्यान्न सामग्री प्रदान गरेको छ। बैंकका सञ्चालक समितिका अध्यक्ष राजेन्द्रदास श्रेष्ठले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई सो सहयोग रकमको चेक तथा राहत सामग्री हस्तान्तरण गरेका हुन् । बाढीप्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुर्याउने उद्देश्यका साथ बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सो सहयोग उपलब्ध गराएको जनाएको छ । देशमा पर्ने यस्ता प्राकृतिक विपद्का समयमा सधैं सरकार र प्रभावित समुदायको साथमा उभिने प्रतिबद्धता जनाएको छ । प्राइम कमर्सियल बैंकले आगामी दिनमा पनि यस्ता राहत तथा पुनःस्थापनाका कार्यलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरेको हो ।

नेपाल लाइफद्वारा २ करोड ५१ लाख सहयोग

काठमाडौं/मस– नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ करोड ५१ लाख रुपैयाँ सहयोग गरेको छ। रसुवाको भोटेकोसी नदीमा आएको बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि कम्पनीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ करोड ५१ लाख रुपैयाँ सहयोग गरेको हो । कम्पनीका सञ्चालक कमलेशकुमार अग्रवाल, पूर्वअध्यक्ष गोविन्दलाल संघाई र प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले संयुक्त रूपमा सहयोग रकमको चेक हस्तान्तरण गरेका हुन् । कम्पनीले उक्त सहयोगबाट बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको तत्काल उद्धार, राहत तथा पुनःस्थापना कार्यमा थप सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ ।

रौतहट इँटा उद्योग व्यवसायी संघको आठौं साधारणसभा सम्पन्न

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, १३ भदौ

रौतहट इँटा उद्योग व्यवसायी संघले आठौं साधारण सभा सम्पन्न गरेको छ ।

संघका अध्यक्ष राम विनोद जयसवालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेस प्रदेश सरकारका उद्योग, पर्यटनमन्त्री कनिश पटेल प्रमुख अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय रौतहटकी प्रमुख रिन्की जयसवालले इँटा उद्योगसँग सम्बन्धित कर, उद्योग नवीकरणलगायतका विषयमा जानकारी गराए ।

साधारण सभामा संघको सांगठनिक गतिविधि, इँटा उद्योग व्यवसायीले भोग्दै आएका समस्या, आगामी कार्ययोजना तथा समसामयिक विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा रौतहट, बारा, पर्सा, सर्लाही र जनकपुरका इँटा उद्योग व्यवसायी संघका अध्यक्ष तथा वरिष्ठ उपाध्यक्षहरूले इँटा उद्योगीहरूले भोग्दै आएका विभिन्न समस्या, चुनौती तथा समाधानका उपायबारे धारणा राखेका थिए ।

इँटा उद्योग सञ्चालनमा देखिएका सरकारी नीति, कर तथा नवीकरण, उद्योग व्यवसायमा आइपर्ने समस्या र व्यवसायीका हकहितका विषयमा समेत सहभागीहरूले चर्चा गरेका थिए । कार्यक्रममा विभिन्न जिल्लाका उद्योगी-व्यवसायी, संघका पदाधिकारी तथा पत्रकारहरूको उपस्थिति रहेको थियो ।

बाढी प्रभावित क्षेत्रमा एनसेलको निःशुल्क भ्वाइस, डेटा र एसएमएस सेवा थप

काठमाडौं/मस– एनसेलले बाढी प्रभावित क्षेत्रमा सञ्चार, खोज, उद्धार तथा राहत वितरण सहज होस् भन्ने उद्देश्यले उपलब्ध गराउँदै आएको निःशुल्क भ्वाइस, डेटा र एसएमएस सेवाको अवधि शनिबारबाट लागु हुने गरी थप सात दिन बढाएको छ । यससँगै अब प्रभावित क्षेत्रमा थप एक हप्ता कम्पनीका यी सेवाहरु निःशुल्क उपलब्ध हुनेछन् ।यसअघि बुधबार एनसेलले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित क्षेत्रमा तीन दिनसम्म निःशुल्क डेटा, अल नेट भ्वाइस र १०० वटा निःशुल्क एसएमएस उपलब्ध गराउने घोषणा गरेको थियो र सोही अनुसार सेवा दिदै आएको थियो । तीन दिने अवधि आज समाप्त हुँदैछ । विपद्को समयमा सञ्चार सेवाले सूचना आदानप्रदान, आपसी समन्वय तथा उद्धार र राहत वितरणका पहललाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ। प्रभावित समुदायका सर्वसाधारणलाई परिवार, आफन्त तथा उद्धार र राहतमा संलग्न टोलीसँग सम्पर्कमा रहन सजिलो बनाउँदै कम्पनीले उक्त निःशुल्क सेवा अवधि थप गरेको जनाएको छ ।'हाम्रो यो योगदानले प्रभावित समुदायलाई यो विपद्का बेलामा आफ्ना परिवार तथा आफन्तसँग सम्पर्कमा रहन र उद्धार तथा राहत कार्यमा खटिएका टोलीलाई आवश्यक समन्वय गर्न सहज हुने विश्वास लिएका छौं । यस कठिन समयमा आ-आफ्नो तर्फबाट सक्दो सहयोग गर्नु हामी सबैको जिम्मेवारी हो,' एनसेलका चीफ कन्जुमर बिजनेस अफिसर उपाङ्ग दत्तालेभने ।एनसेलले विपद्का समयमा सञ्चार सेवा निरन्तर कायम राख्न तथा आपतकालीन खोज, उद्धार र राहतका कार्यमा सहयोग पुऱ्याउँदै आएको छ। कम्पनीले बाढीका कारण प्रभावित क्षेत्रमा अवरुद्ध भएका आफ्ना १८ वटा मोबाइल टावर पुनः सञ्चालनमा ल्याएको छ ।

निगमले पठायो हवाई उद्धारका लागि ४० हजार लिटर इन्धन

काठमाडौं/मस– नेपाल आयल निगमले भोटेकोशी नदीमा बाढी गएपछि खोज तथा उद्धारमा संलग्न हेलिकप्टरका लागि ४० हजार ८४० लिटर हवाई इन्धन नुवाकोटस्थित नेपाली सेनाको ब्यारेकमा पठाएको छ । निगमले गरेर खोज तथा उद्धारका लागि गत भदौ १० गतेदेखि नियमित रुपमा नुवाकोटस्थित नेपाली सेनाको ब्यारेकमा उपलब्ध गराउँदै आइरहेको जनाएको छ । सोही ठाउँबाट हेलिकप्टरका लागि हवाई इन्धन रिफिलिङको काम हुँदै आइरहेको छ । निगमका अनुसार भदौ १० मा १२ हजार लिटर, भदौ ११ मा हेलिकप्टर र ट्रयाङकरमार्फत १० हजार ८४० लिटर पठाएको हो । त्यसैगरी भदौ १२ गते नौ हजार लिटर र भदौ १३ गते नौ हजार लिटर हवाई इन्धन उपलब्ध गराएको छ । निगमको थानकोटस्थित बागमती प्रादेशिक कार्यालयबाट बाढी प्रभावित क्षेत्रमा रहेका पेट्रोलपम्पलाई भदौ १३ गतेसम्म ७२ हजार लिटर पेट्रोल र ६२ हजार लिटर डिजेल उपलब्ध गराइएको निगमले जनाएको छ ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल